क्रम संख्या–१५

# जापान भ्रमणको डायरी–

(सन् १९७८ मा टोकियोमा भएको १२ रौं बिश्वबौद्ध सम्मेलन।)

सन् १९७९ फेब्रुवरी लुम्बिनी वर्षको उपलक्षमा।

भिक्षु अमृतानन्द

भारु ३-    नेरु ४-

Downloaded from http://dhamma.digital

क्रम संख्या–१५

# जापान भ्रमणको डायरी–

(सन् १९७८ मा टोकियोमा भएको १२ रौं बिश्वबौद्ध सम्मेलन।)

सन् १९७९ फेब्रुवरी लुम्बिनी वर्षको उपलक्षमा।

भारु. ३/–　　　　नेरु. ४/–

Dhamma.Digital

Downloaded from http://dhamma.digital

प्रकाशकः
"आनन्दकुटी विहारगुठी"
(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी, स्वयम्भू,
काठमाडौं, नेपाल ।
फो. नं. १४४२०

( सर्वाधिकार सुरक्षित )

•

बुद्धाब्दः २५२२
बि. सं. २०३५

प्रथमावृत्ति १०००

मुद्रकः
नेपाल प्रेस
काठमाडौं, नेपाल ।

Downloaded from http://dhamma.digital



भिक्षु अमृतानन्द

Downloaded from http://dhamma.digital

श्री ५ महाराजाधिराज वीरेन्द्र बीर विक्रम शाहदेवबाट लुम्बिनी वर्ष शुरु भएको सन् १९७९ जुन १ तारिखको दिनमा राष्ट्रको नाममा बक्सेको सन्देश —

"केही समय अघि टोकियोमा भएको बाह्रौं विश्वबौद्ध सम्मेलनले इ० सं० १९७९ लाई लुम्बिनी वर्षको रूपमा मनाउने प्रस्ताव पारित गरेको सुन्दा हामीलाई खुशी लागेको छ। यस निर्णयले एकातिर लुम्बिनी विकाश गुरु योजनालाई साकार पार्न सघाउ पुऱ्याउने आशा राखिन्छ भने अर्कोतिर यसले सबैका मनमा शान्तिका अग्रणि राजकुमार गौतम बुद्धको सन्देशको सम्झना दिलाउने छ भन्ने कुरामा सन्देह छैन।

"लुम्बिनी विकाशको गुरुयोजनालाई सहयोग पुऱ्याउने क्रममा सकेसम्म यसै वर्ष सिद्धार्थ राजमार्गबाट लुम्बिनी जोड्ने पक्की बाटो नेपालले आफ्नै तर्फबाट तयार पार्न सक्रियताका साथ काम गर्दै छ। साथै विमानस्थल विस्तृतीकरण, खाने पानी र विद्युतिकरण जस्ता अरू अत्यावश्यक पूर्वाधार अंगहरूको निर्माण कामहरू पनि तिव्रताका साथ हुनेछन् र यी कार्यहरू लुम्बिनी विकासप्रति नेपालको योगदान हुनेछ।

Downloaded from http://dhamma.digital

"गौतम बुद्धको जन्मस्थल लुम्बिनीको विकास गर्नमा देशवासी-हरूले पनि आफ्नो इच्छा र गच्छे अनुसार सहयोग गर्ने नै छन् । यस कार्य प्रति रुची राख्ने विभिन्न संस्था संघ तथा व्यक्तिहरूबाट लुम्बिनी विकासको धेरै अघिदेखिको सपना पूरा गर्नमा प्राप्त हुने सहयोग अवश्य स्वागत योग्य हुने छ* ।"

---

* गोरखापत्रको सौजन्यबाट ।

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

यो स्यानो पुस्तिका आनन्दकुटी विहार गुठीको प्रकाशनको क्रमको १५ वाँ नम्बर हो। यो पुस्तक बुद्धकालीन ग्रन्थहरूको अन्तरगत नभएको हुनाले संग्रहको नम्बर नलेखी गुठीको प्रकाशनको क्रम संख्या नम्बर राखिएको हो।

यस पुस्तक प्रकाश गर्नको लागि स्वइच्छाले आर्थिक सहायता दिनु भएका निम्नमहानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गरेको छु।

श्री लोकदर्शन बज्राचार्य नेरु० १७०/–

श्रीमती प्रेमलता तुलाधर नेरु० १००/–

– तीर्थनारायण मानन्धर

सदस्य-सचिव

"आनन्दकुटी विहार गुठी"

माघ २७ गते २०३५

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# दुइ शब्द

"जापान भ्रमणको बारे केही कुरा लेख्नु भए बेश हुने थियो" भन्ने केही साथीहरूको कुराले प्रेरित भई यो छोटकरी डायरी लेखेको हुँ। यस डायरीमा सकेसम्म यथासत्य कुरा लेखेको छु ।

जापानमा भएको विश्व भ्रातृ मण्डल (W. F. B.) को १२ रौं सम्मेलनमा जम्मा २३ राष्ट्रहरूले भाग लिएका थिए। जस्तै — थाइलैण्ड, श्रीलङ्का, इण्डिया, बर्मा, नेपाल, क्यानाडा, यू० एस० ए०, फ्रान्स, इङ्गलैण्ड, बङ्गलादेश, जर्मनी, होंगकोंग, कोरिया, मङ्गोलिया, मलेसिया, नेदरलैण्ड, सिङ्गापुर, स्वीडेन, स्वीजरलैण्ड, यू० एस्० एस्० आर०, ब्राजिल, इण्डोनेसिया र जापान । यिनीहरू मध्येमा ४८ रेजिनल सेन्टरहरूले भाग लिएका थिए। औपचारिक प्रतिनिधिहरू र औपचारिक पर्यवेक्षकहरू गरी जम्मा २३५ जना थिए र अनौपचारिक पर्यवेक्षकहरू जम्मा १०१ जना थिए ।

पाठकहरूको जानकारीको लागि जापानमा भएका बौद्ध धर्मावलम्बीहरूको तालिका पनि तल लेखिदिएको छु—

Downloaded from http://dhamma.digital

# जापानी बौद्ध-निकायहरू

| प्रमुख निकायको नाम | संस्थाको संख्या | भिक्षु संख्या | अनुयायीहरूको संख्या |
|---|---|---|---|
| (१) तेन्दाइ | ९,३०२ | १५,२७७ | ४६,६५,०६७ |
| तेन्दाइ शू | ३,२१७ | ४,२०१ | ६,०३,०२४ |
| वाशू | २९ | ९१ | २०,१५,५५० |
| नेन्पो शिन्क्यू | १६३ | २,४४३ | ५,११,४३८ |
| कोदो क्योदान् | ३,९२० | १,३४१ | ३,९१,३९९ |
| अन्य | १,९७३ | ७,२०१ | ११,४३,६५६ |
| (२) शिङ्गोन् | १७,७२४ | २२,६०५ | १,११,७७,५२४ |
| कोयासान् शिङ्गोन्शू | ५,८४७ | ५,९७७ | ४८,७६,३०० |
| शिङ्गोन्शू छिजान्हा | २,८८६ | ३,३३४ | १२,०५,१८७ |
| शिङ्गोन्शू बुजन्हा | २,५७० | १,७२६ | ८,७९,३४१ |
| शिगिसान् शिङ्गोन्शू | २२० | १७९ | ४,९६,४१५ |
| अन्य | ६,२०१ | ११,३८९ | ३७,२०,२८१ |
| (३) शुद्ध-भूमि | ३१,५६१ | ४५,१७७ | २,०९,४१,५३२ |
| जोदो शू | ७,०६८ | ८,१४५ | ५७,७८,३१६ |
| जोदो शिन्शू होङ्गा-ञ्जिहा | १०,५१३ | १५,२३६ | ६६,६२,३६२ |
| शिन्शू ओतानिहा | ९,९७८ | १६,८८९ | ६७,१५,१३५ |

Downloaded from http://dhamma.digital

| | | | |
|---|---|---|---|
| कुरोतानि जोदो शू | ६४ | ७७ | ४,०६,९५५ |
| अन्य | ३,९३८ | ४,८३० | १३,७८,७६४ |
| (४) जेन् | २०,८१४ | २१,९६१ | १,०१,५०,०१० |
| रिञ्जाइशू म्योशीन्जिहा | ३,४३१ | ३,२५८ | १६,२८,००० |
| रिञ्जाइशू होकोजिहा | १७३ | १५४ | ५,८८,९०० |
| सोतो शू | १४,७६३ | १५,८६७ | ६८,४१,७२० |
| ओबाकुशू | ४७८ | ४५८ | २,४४,५८४ |
| अन्य | १,९६९ | २,२१५ | ८,४६,८०६ |
| (५) निचिरेन् | १३,८६९ | २५,८०० | ३,१८,८७,०१५ |
| निचिरेन् शू | ४,९८१ | ६,८२६ | १७,७९,७०३ |
| निचिरेन् शोशू | ३३० | ३२९ | १,६२,०१,४८८ |
| रेइयूकाइ क्योदान् | १५ | २,२२६ | ४२,५९,५८७ |
| रिस्सो कोसेइ काइ | ४९३ | ३,१४५ | ४८,४९,४७६ |
| बुशशो गोनेन् काइ क्योदान | २,४९५ | ४,५७४ | ९,१२,८०७ |
| म्योचिकाइ क्योदान | १,१७५ | १,४६६ | ६,७०,१०२ |
| अन्य | ४,३८० | ७,२३४ | ३२,१३,८५२ |
| (६) नारा निकाय | ४०७ | १,३८३ | २२,६२,२०२ |
| रिशू | ४८ | ४६ | २३,३०० |
| सिङ्गोन् रिशू | ९१ | १४८ | ४,४३,८०० |
| केगोन् शू | १७० | ७८८ | ७०,४८६ |
| होस्सो शू | — | — | — |

Downloaded from http://dhamma.digital

| | | | |
|---|---|---|---|
| शोटोकु शू | २४ | १७ | १२,८३८ |
| फुबो शू | ५७ | ३२८ | १७,०६,८५८ |
| म्योहो शू | १७ | ५६ | ४,९२० |
| (७) अरू निकायहरू | १०२ | २३६ | २,३६,५८२ |
| फुकु वेन्काइ | १५ | १९ | २,४५१ |
| गेदात्सुको | ८७ | २१७ | २,३४,१३१ |
| ग्राण्ड टोटल | १३,७७९ | १,३२,४३० | ८,१३,१९,९३२* |

आनन्दकुटी, स्वयम्भू — भिक्षु अमृतानन्द
काठमाडौं, नेपाल ।
माघ २९ गते २०३५

*१. यो तालिका डब्ल्यू० एफ्० बी० को होंगकोंग र मकाउ रेजिनल सेन्टरको "बुद्धिष्ट फ्रेण्डशिप" भन्ने अक्टोबर १ तारिख १९७८, नं. ८ पत्रिकाबाट उद्धृत गरेको हुँ ।

Downloaded from http://dhamma.digital

# विषय-सूची


| | पृष्ठः |
|---|---|
| जापान भ्रमणको डायरी | १ |
| धर्मोदय सभा | २ |
| मास्कोमा | ५ |
| मास्कोबाट टोकियो | ७ |
| सम्मेलन | ९ |
| टोकियोमा कपिलवस्तु | ११ |
| क्योटोमा | २३ |
| पुनः टोकियोमा | ३३ |
| टोकियोबाट होंगकोंग | ४९ |
| होंगकोंग-बौद्ध भिक्षुहरूको क्रियाकलाप | ५२ |
| होंगकोंगबाट बैंगकोक | ५६ |
| बैंगकोक शहर | ५८ |
| सङ्घभोजनको संकल्प | ५९ |
| सङ्घभोजन प्रदान | ६४ |


Downloaded from http://dhamma.digital

थाइ युवराजाधिराजको भिक्षुभाव ६७
केश छेदन ६९
प्रव्रज्या-प्रार्थना ७२
भिक्षुभावमा प्रवेश ७४
नवक भिक्षुलाई दान-प्रदान ७६
बैंगकोकबाट काठमाडौं ७७

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# जापान भ्रमणको डायरी—

(सन् १९७८ मा टोकियोमा भएको १२ रौं विश्व बौद्ध सम्मेलन ।)

"आगामी सेप्टेम्बरमा हुने ए० बी० सी० पी० को कार्यकारिणी समितिको बैठकमा त आउनु पर्छ" भनी जब सोभियत बौद्धहरूका अध्यक्ष श्रद्धेय बन्दिदो हम्बोलामा गम्बोएफ्ले भन्नुभयो तब मैले वहाँलाई स्पष्ट शब्दमा भनें—"खोइ, हामीले नेपालमा ए० बी० सी० पी० को निमित्त कुनै सक्रीय कार्य गर्न सकेका छैनौं । त्यस्तो कामगर्नु पर्ने अवस्था पनि हाम्रो देशमा छैन । हाम्रो देशमा कुनै किशिमको अशान्ति पनि छैन । श्री ५ महाराजाधिराज सरकारको गतिशील नेतृत्वमा सदा शान्ति नै छ । अतः बरु आफू यस कार्यभारबाट मुक्तहुन पाए बेश हुने थियो ।"

"होइन, त्यसो नभन्नुहोस् । तपाइको देशमा कुनै सक्रीय काम

Downloaded from http://dhamma.digital

नगर्नु भए पनि मिटिंगमा उपस्थित भइदिनु नै हामीहरूको लागि ठूलो महत्त र सहयोग हुनेछ। अतः आउनु नै पर्छ।" यो थियो सन् १९७८ जुलाई महीनामा नेपाली शिष्ट मण्डल लिएर सोभियत यूनियनको भ्रमण गरिरहेको बेलामा उलानउदे, इवल्गिन्स्की दास्सान् भन्ने गुम्बामा भएको कुरो।

## धर्मोदय सभा

सेप्टेम्बर महीना आइपुग्यो। ए० बी० सी० पी० को औपचारिक निम्तो पनि पाएं। ए० बी० सी० पी० भनेको 'एशियन बुद्धिष्ट कन्फरेन्स फर पीस' भन्ने संस्थाको संक्षेप नाम हो। यस संस्थाको संस्थापक-सदस्यको नाताले पनि मास्को जान कर लागेको थियो। भित्री हृदयमा चाहिं पटक्कै जान मन थिएन। यसै बीच उता जापानमा हुने डब्ल्यू० एफ्० बी० को १२ रौं साधारण सभामा जाने बारेमा धर्मोदय सभाको बैठक काठमाडौंमा बस्यो। डब्ल्यू० एफ्० बी० भनेको वर्ल्ड फेलोशिप अफ बुद्धिष्ट—भन्ने संस्थाको नाम हो। जसको माने विश्वबौद्ध भ्रातृ मण्डल हो। यसको चतुर्थ विश्वबौद्ध सम्मेलन नेपाल धर्मोदय सभाकै तत्वावधानमा सन् १९५६ मा काठमाडौंमा भएको थियो। सांच्चै भन्ने हो भने वर्तमान समयमा धर्मोदय सभा जिउँदो छ वा छैन भन्न पनि गह्रारो छ। किनभने जबसम्म कहींबाट कुनै निम्तो आउँदैन तबसम्म यसको कुनै काम छैन। जब कहींबाट कुनै बौद्ध सम्मेलनमा जाने निम्तो आउँछ तबमात्र यसको बैठक बोलाइन्छ वा

Downloaded from http://dhamma.digital

बसिन्छ । अन्यथा शतप्रतिशत निष्क्रय अवस्थामा रहन्छ । अझ संस्थाको विधान अनुसार हेर्ने हो भने यसका आजीवन सदस्यहरू ३/४ जना बाहेक कुनै पनि सदस्यहरू अहिले छैनन् वा होइनन् भन्न सकिन्छ । जे होस, सम्मेलनमा जानु भन्दा अघि एक दुइ पटक चाहिं बैठक बसिन्छ । जान सक्ने सदस्यहरू छानिइन्छन् । सम्मेलनमा भाग लिएर आइन्छ । त्यसपछि फेरि अर्को कुनै निम्तो न आएसम्म सभा निस्लोट भई सुतिरहेको हुन्छ । यो हो वर्तमान धर्मोदय सभाको स्थिति । यसपालिको बैठक पनि माथि उल्लेख गरेको क्रमभित्रै पर्छ । हुनत यस सभाको बैठक—निम्तो पत्र अनुसार—महीनौं अगाडि बस्नु पर्थ्यो । तर सभा बोलाउने सचिवज्यूलाई यात फुर्सतनै हुँदैनथ्यो यात यस विषयमा त्यति वास्तानै हुँदैनथ्यो । जब जापानबाट तपाइहरूको डेलिगेटहरूको नाम र पर्यवेक्षकहरूका नामहरू हाम्रो आफिसमा फलानो मितिसम्ममा पुग्नु अनिवार्य छ भन्ने पत्र प्राप्त भयो तब सेक्रेटरी महोदय झसंग विउझनु भयो र मीटिंग बोलाउनु भयो । यस बैठकमा धर्मोदय सभालाई पुनः नवीकरण गर्ने भन्ने उद्देश्यले प्रेरित भई एक 'एड्हक् कमिटी' गठन गर्ने भन्ने प्रस्ताव पनि पारित भयो । यो थियो २०३५ साल श्रावण १३ गते शुक्रबारको कुरा । तदनुसार सन् १९७८ जुलाई २८ तारिख ।

१९७८ अक्टोबर १ तारिख देखि ६ तारिख सम्म टोकियो र क्योटोमा हुने बाह्रौं विश्वबौद्ध सम्मेलनमा भागलिन जाने पाँच सदस्यहरूको छनोट पनि भयो र १२ जना अनौपचारिक दर्शकको हैसियतले जाने सदस्यहरूको छनोट पनि भयो । हुनत सबैले आ-आफ्नो खर्च गरेर नै जानुपर्थ्यो । केवल औपचारिक पाँच जना सदस्यहरूको लागि मात्र

Downloaded from http://dhamma.digital

सम्मेलन समयसम्म खान-पान र होटेल खर्चको व्यवस्था जापानले बेहोर्ने नियम छ। बाँकी अरू सबैले सबै प्रकारका खर्चहरू आ-आफूले नै बेहोर्नु पर्छ। अत: अनौपचारिक दर्शक भएर जानेले कमसेकम दिनको ३० देखि ४० यू० एस्० डलर खर्च गर्न सक्नुपर्छ। नसक्नेले नजाने भन्ने कुराको पनि स्पष्ट शब्दमा ज्ञापन गराइएको थियो। उक्त रकम खर्च गरी जान सबै महानुभावहरू तमतयार भए।

सत्य भन्ने हो भने जापान जान म कत्ति पनि उत्सुक थिइन। हो, जापानमा भएको लुम्बिनी विकासको कमिटीबाट श्री लोकदर्शन बज्राचार्य फर्किसके पछि दुइ तीन पटक आनन्दकुटीमा आई वहाँले जापान जानको निमित्त आग्रह गर्नु भएको थियो। वहाँले नै आवत जावत खर्चको व्यवस्था मिलाइदिने कुरा पनि भन्नु भएको थियो। यतिसम्म पनि वहाँले भन्नु भएको थियो कि डब्ल्यू० एफ्० बी० जापानका श्री कामादाले पनि मलाई त ल्याउनै पर्छ भनी भन्नु भएको छ। वहाँले खर्चको व्यवस्था मिलाइदिने कुरालाई जोरदिएर भन्नुभए पछि मैले वहाँलाई जापान जाने वचन दिएको थिएँ। अन्यथा कत्ति पनि मेरो जाने इच्छा थिएन। उपरोक्त कारणहरूले गर्दा आफू डब्ल्यू० एफ्० बी० को उपाध्यक्षको हैसियतले जाने विचार गरी प्रतिनिधिको नेतृत्व चाँहि श्री लोकदर्शन बज्राचार्यलाई नै गर्ने प्रस्ताब राखें। जो सर्वसम्मतिद्वारा स्वीकृत भयो। यसपछि अरू सदस्यहरूमा श्री मणिहर्षज्योति कंसाकार, श्री आशाराम शाक्य, श्री छेरिंग तेंजिङ लामा र श्री छेछु कुस्यो लामा चुनिनु भयो।

Downloaded from http://dhamma.digital

बैठक सिद्धिएपछि कुटीमा फर्कें। "यी नेपालीहरूलाई जापानमा केही सहुलियत मिलाइदिन पाए कति बेश हुने थियो" भन्ने कल्पनामा डुबीरहें। अनि भोलिपल्ट दुइ तीन जना आफ्ना साथीहरूलाई यसबारेमा पत्रहरू लेखें। एकहप्ता भित्र दुइ साथीहरूबाट नकारात्मक जवाफ पाएँ। एक साथी प्रो० हानायामा शोयूब्राट सकारात्मक जवाफ पाएँ। वहाँ पत्रमा लेख्नुहुन्छ—

"भरखर मात्र जो ज्योजी विहारबाट मैले टेलिफोन पाएँ। तपाइका १२ जना अनुयायीहरूलाई त्यस विहारले टोकियोमा सम्मेलन हुनुज्यालसम्म अर्थात् ५ दिन सम्मको लागि निःशुल्क बस्ने र खाने बन्दोवस्त मिलाइदिने छ। तर म तपाइलाई एउटा सुझाउ दिन चाहन्छु कि ती तपाइका उपासकहरूले जो ज्योजी विहारको निमित्त केही दान दक्षिणा प्रदान गरून्।"

यो पत्र मैले नेपाली प्रतिनिधिका नेता श्री लोकदर्शनलाई सुँपिदिएँ। पछि मीटिंग हुँदा वहाँले यो पत्र दर्शक भएर जाने महानुभावहरूलाई पढेर सुनाउनु भएको थियो र प्रतिदिनको १०/१० डलरको हिसाबले चन्दा प्रदान गर्ने कुराको प्रष्ट जानकारी पनि दिनुभएको थियो। ३०/४० डलर खर्च हुने ठाउँमा १० डलर चन्दा दिनमा केही आपत्ति छैन भनी सबैले सहर्ष स्वीकार गरे।

## मास्कोमा

ए० बी० सी० पी० को कार्यकारिणी समितिको बैठक सेप्टेम्बर

Downloaded from http://dhamma.digital

११ तारिखमा मास्कोमा थियो । यसको लागि मलाई जानुपर्ने थियो । अघिल्लो पटक मास्कोमा आउँदाखेरि म त्यहाँको बौद्ध संघले मलाई मास्कोबाट टोकियोसम्म जाने व्यवस्था मिलाइदिने कुरा भनेको थियो । अतः टोकियोबाट काठमाडौं फर्कनको निमित्त मात्र श्री लोकदर्शनज्यूले टिकटको व्यवस्था मिलाउन पर्ने भयो र वहाँले मिलाइ पनि दिनु भयो ।

मन नपराइ नपराइ गएकोले भनौं वा अन्य कुनै कारणले भनौं १९७८ सेप्टेम्बर ११ तारिखको बिहान मीटिंग शुरु भएको केही छिन पछिदेखि मलाई पेट दुख्न थाल्यो र दिसा पनि लाग्न थाल्यो । अन्तमा अध्यक्षको अनुमति लिएर होटेलको आफ्नो कोठामा गएँ । सोभियत देशमा प्रत्येक होटेलमा डाक्टरहरुको व्यवस्था छ । अतः उतनाखरीसै सूचना पाएर डाक्टरनी आइन् । औषधी दिइन् । फेरि साँझपख सोभियत बौद्धहरुले बाहिर क्लिनिकबाट डाक्टरनी बोलाएर ल्याए । उनले हेरी सुई दिइन् र औषधीहरु पनि लेखिदिइन् । मीटिंग नसिद्धिएसम्म म कोठामै परें । पछि मलाई डिप्लोमैटिक अस्पतालमा भर्ना गरे । भर्ना गर्नाको मुख्य कारण चाहिं अत्यधिक रक्तचाप बढेको र हृदयरोग हो । सोभियत यूनियनमा थरी थरीका अस्पतालहरु छन् । जस्तै कम्युनिष्ट-पार्टीको अस्पताल, मंत्रालयको अस्पताल, कारखानाहरुको अस्पताल, डिप्लोमेटिक अस्पताल तथा सर्वसाधारण जनताको अस्पताल । डिप्लोमेटिक अस्पताल चाहिं खासगरी राजदूतावासहरुका निमित्त हो । यहाँ दिनको करीब ४० डलर जति पैसा तिर्नुपर्छ ।

Downloaded from http://dhamma.digital

# मास्कोबाट टोकियो

सेप्टेम्बर २६ तारिख। सेप्टेम्बर २६ तारिखको साँझपख अस्पतालबाट उत्राइन् होटेलमा आएँ। २८ तारिख साँझ ७ बजे सोभियत बौद्ध प्रतिनिधि मण्डलका साथ टोकियोको लागि एरो फ्लोटमा बसी मास्को छाडें। सोभियत हवाइजहाजमा शीट निर्धारित हुन्न। रेलमा जस्तै तँछाड मछाड गरी सबै राम्रो ठाउँ रोजेर बस्न खोज्छन्। हामीहरू पनि त्यस्तै गरी बस्यौं। कतै नरोकिने १० घण्टाको यात्रा थियो। २९ तारिखको बिहान टोकियो समय अनुसार ९/३० बजे मौसम खराबको कारणले गर्दा टोकियोको नयाँ हवाइ ग्राउण्ड नारिताको सट्टा पुरानो हवाइ ग्राउण्ड हानेदामा हवाइजहाज ओर्ल्यो। हानेदा घरेलु हवाइ ग्राउण्ड भएको र त्यहाँ विदेशीहरूको लागि कस्टम, पास्पोर्ट आदि जाँचगर्ने कुनै व्यवस्था नभएको हुँदा हामीलाई हवाइजहाजबाट बाहिर निस्कन दिएन र झण्डै ४ घण्टासम्म त्यसै हवाइजहाज भित्रै बस्नुपर्‍यो। पछि कस्टम तथा पास्पोर्ट सम्बन्धी विषयका सबै कर्मचारीहरू आएपछि अन्दाजी डेढ दुइ बजेतिर हामीहरूलाई हवाइजहाजबाट ओह्राले। पास्पोर्ट र कस्टम आदि चेक गरिसके पछि बाहिर आइयो। तर बाहिर हामीहरूलाई लिन आउने सम्मेलनको कुनै पनि मानिस थिएन। अनि त्यहाँबाट डब्ल्यू० एफ्० बी० जापानको आफिसलाई फोन गरी बल्ल बल्ल सम्बन्धित व्यक्तिहरू भेटेपछि टैक्सीमा बसी आउनू भन्ने खबर पायौं। सोभियत प्रतिनिधिहरू शिबिया पार्क होटेलमा गए। म चाहिं टोकियो ग्रैण्ड होटेलमा गएँ। हानेदाबाट टोकियो ग्रैण्ड होटेलमा पुग्दा

Downloaded from http://dhamma.digital

४ बजिसकेको थियो । टैक्सी भाडा करीब ५ हजार येन जति आफिसले नै तिरिदियो ।

होटेलको कोठामा गई हात मुख धोई एक कप चिया पिई सम्मेलन सम्बन्धी के के भैरहेको रहेछ भन्ने कुरा हेर्नको निमित्त र प्रोग्राम अनुसार रजिष्टर्ड गराउने विचारले ३ तलामा सम्मेलन सम्बन्धी आफिसहरू भएको ठाउँमा आएँ । लिफ्टबाट बाहिर आउनासाथ रजिष्ट्रेशन भन्ने साइनबोट देखें र त्यहाँ गएँ । त्यहाँ बसिरहेका एक सज्जनले अहिले आफिस खोलेको छैन भनी भन्नुभयो र परस्पर भिजिटिंग कार्ड आदान प्रदान भयो ।

"ओ ! तपाइ भिक्षु अमृतानन्द हुनुहुन्छ । तपाइको नाम धेरै समयदेखि मैले सुनेको छु" भन्दै परस्पर केही कुशलक्षेम कुराहरू पनि भए । वहाँ चाहिं जनसम्पर्क आफिसको प्रमूख हुनु हुँदोरहेछ । वहाँको नाम इचिशिमा शोहिन हो । यही समयमा उहीं प्रा० आशाराम शाक्य भेटें । भेट्ना साथ कहीले आउनु भयो र कतिजना आउनुभयो भनी सोध्दा भरखरै आउँदै छौं र २३ जना दर्शकहरू छन् भन्ने कुरा सुन्नासाथ मेरो रौं ठाडो भएर आयो । यी मध्ये १५ जना मात्र जो ज्योजी विहारमा बसेका रहेछन् । जुन विहारको प्रबन्ध प्रो० हानायामा शोयूले मिलाइदिनु भएको थियो । तर शिष्टाचार पूर्वक वहाँलाई यस कुराको सूचनासम्म पनि नदिई जो ज्योजी विहारमा गई स्वयं लोकदर्शनज्यूले उनीहरुलाई राख्नु भएको रहेछ । उनीहरू हुन्—

(१) श्री कर्कटमान तुलाधर, (२) श्री बंशीलाल श्रेष्ठ, (३) श्री बोधिरत्न शाक्य, (४) श्री बुद्धिराज बज्राचार्य, (५) श्री बिद्या-

Downloaded from http://dhamma.digital

मान तुलाधर, (६) श्री धर्मबिर शाक्य, (७) श्री एस० पी० लामा, (८) श्रीमती प्रेमलता तुलाधर, (९) श्री इन्द्रबहादुर शाक्य, (१०) श्री राजेन्द्रमुनि ताम्राकार, (११) श्री प्रेमसुन्दर तुलाधर, (१२) श्री दबलकाजी तुलाधर, (१३) श्री मीनबहादुर शाक्य, (१४) श्री सुचित्र-मान शाक्य, (१५) श्री शुभाषनरसिंह शाक्य। अरूहरू आ-आफ्नो खर्च गरी होटेलमा बसे। यसै राति मेरो भतिजा महेन्द्रकाजीले होटेलमा मलाई भेटन आयो। अनेकौं साथीहरूलाई होटेलबाट फोन गरें।

## सम्मेलन

सेप्टेम्बर ३० तारिख। आज बिहान डब्ल्यू० एफ० बी० काउन्सीलको बैठक थियो। उपाध्यक्षको हैसियतले पदाधिकारीहरूको आसनमा बसें। विभिन्न देशका प्रतिनिधिहरू आ-आफ्नो प्लेकार्ड मनि बसे। अध्यक्ष प्रिन्सेस् पून् पिस्माइ दिस्कुल् टोकियोमा आउनु भएता पनि अस्वस्थताको कारणले काउन्सीलको बैठकमा उपस्थित हुन सक्नु भएन र वहाँको स्थानमा श्री सुनाओ मियाबाराको सभापतित्वमा सभा शुरु भयो। यस बैठकमा विशेष गरी डब्ल्यू० एफ० बी० हेडक्वाटरको सचिवको रिपोर्ट १९७७ सालको आय-व्यय हिसाबको अडिटरको वासलात, नयाँ संस्थाहरूलाई भित्र्याउने, कार्यकारिणी समितिका सदस्यहरू छानिने स्टैण्डिग कमिटीका अध्यक्षहरूको छनोट, अडिटर रिपोर्ट र आगामी १३ रौं सम्मेलन गर्ने ठाउँ आदि कुराको निर्णय तथा स्वीकृति भएको थियो। आगामी बौद्ध सम्मेलन थाइलैण्डमा हुने निश्चय

Downloaded from http://dhamma.digital

भयो । अडिटरको रिपोर्ट अनुसार १९७७ सने ३१ डिसेम्बर सम्मको हिसाबमा बुक्किको कक्षमा जम्मा भएको बाथ ५,१३,२३४।९१ देखाइएको छ अर्थात् २५ हजार चानचुन डलर । सोही समय मित्रको आय-व्ययको हिसाबमा जम्मा आम्दानी ३,५६,४५८।९४ र जम्मा व्यय १,१२,५३१।– बाथ देखाइएको छ । १९७८ सालको बजेटमा जम्मा आम्दानी १,४१,५५०।४८ र जम्मा खर्च ५६,२३५।– बाथ देखाइएको छ । तथा १९७९ को बजेटमा जम्मा आम्दानी १,३२,१८९।२० र जम्मा व्यय ५६,२३५।– बाथ देखाइएको छ । आजै साँझपख नेपालका अनुरुद्ध महास्थविरसँग पनि भेट भयो । "के पर्ला के पर्ला" भन्ने विचारले वहाँसँग केही पैसा पनि मागें । वहाँले ३ हजार येन दिनुभयो ।

अक्टोबर १ तारिख । आज बिहान टोकियोको सुकिजी होंगाञ्जी विहारमा डब्ल्यू० एफ० बी० को १२ रौं सम्मेलनको औपचारिक उद्घाटन समारोह थियो । यस विहारमा सन् १९५२ मा दोश्रो विश्वबौद्ध सम्मेलनको उद्घाटन समारोह पनि भएको थियो । सबै सदस्यहरू तथा अतिथीहरू आ-आफ्ना ठाउँमा बसिसकेका थिए । अनि जापानी परम्परा अनुसार बुद्धपूजा पछि समारोह उद्घाटन गर्दै डब्ल्यू० एफ० बी० का अध्यक्ष प्रिन्सेस् पून पिस्माइ दिस्कूलले उद्घाटन भाषण पढ्नु भयो । अनि जापान बुद्धिष्ट फेडरेशनका अध्यक्ष श्री मोन्सु कोशिन् ओतानिले स्वागत भाषण गर्नु भयो । त्यसपछि राष्ट्राध्यक्षहरूको सन्देशहरू पढिए । सर्वप्रथम थाइनरेशको सन्देश, श्रीलंकाका राष्ट्रपतिको सन्देश र अमेरीकाका राष्ट्रपति जिमी कारटरका सन्देशहरू पढेर सुनाइए । त्यसपछि प्रधानमन्त्रीहरूका सन्देशहरू मध्ये थाइलैण्डका

Downloaded from http://dhamma.digital

प्रधानमन्त्री, श्रीलंकाका प्रधानमंत्रीका सन्देशहरू पढी सिद्धिएपछि नेपालका प्रधानमन्त्री श्री कीर्तिनिधिविष्टको सन्देश जापान स्थित शाही राजदूत श्री यादव प्रसाद पन्तले पढेर सुनाउनु भयो। अनि जापानका सुप्रसिद्ध रिश्शो कोसेइ-काइ संस्थाका अध्यक्ष नुवानोले बोल्नुभयो। त्यस्तै गरी जापान बुद्धिष्ट फेडरेशनको स्वागत समितिका अध्यक्षले पनि बोल्नुभयो। यसपछि जापान बुद्धिष्ट फेडरेशनलाई प्रतिनिधिहरूबाट उपहार प्रदान गरियो। उद्‌घाटन समारोह पछि उहीं सबै प्रतिनिधि-हरूको दिवाभोजनको प्रबन्ध गरिएको थियो। दिवाभोजन पछि विभिन्न कमिटीहरूको बैठकहरू जो ज्योजी विहारमा बस्ने कार्यक्रम थियो। तर त्यहाँ जान सकिन र ब्लडप्रेसर बढेको र मुटु दुखन थालेकोले होटेलमै फर्कें। त्यहाँदेखि म कोठैको कोठैमा परें। म जस्तै अर्का सदस्य श्री छेरिंग् तेंजिग लामा पनि बिरामी हुनुभयो।

## टोकियोमा कपिलवस्तु

प्रतिनिधिका सदस्यहरू श्री आशाराम शाक्य र श्री मणिहर्ष-ज्योति कंसाकारहरूले नेपालको पक्षमा प्रत्येक मिटिंगमा गरेका प्रयत्न तथा तर्कवितर्कहरू सारै प्रशंसनीय छन्। खास गरी कपिलवस्तुको प्रश्न उठ्दा जुन ढँगले श्री आशारामज्यूले तर्क पेश गर्नुभयो त्यो सबैकोनिमित्त चित्त बुझ्ने खालको थियो। वहाँको यो वाक् चातुर्यताले नेपालको प्रतिष्ठालाई कायमै राखेको छ। जसरी वहाँले कपिलवस्तुको प्रश्न उठ्दा सभामा नेपालको इज्जत राखनु भयो त्यस्तै गरी धर्मोदय सभाका कोषाध्यक्ष श्री मणिहर्षज्योति साहुज्यूले पनि बर्षौंदेखि डब्ल्यू० एफ० बी०

Downloaded from http://dhamma.digital

लाई तिर्न बाँकी वार्षिक शुल्कहरू तिरिदिनुभई नेपाल धर्मोदय सभाको नाक राखिदिनु भएको छ। श्री लोकदर्शन बज्राचार्य चाहिं समय समयमा लुम्बिनी सम्बन्धी प्रदर्शनी कार्यमा व्यस्त हुनुहुन्थ्यो। यो प्रदर्शनी निक्कै लोकप्रिय भएको थियो। लुम्बिनी सम्बधी लगिएका पुस्तक-पुस्तिका तथा पत्र-पत्रिकाहरू केही समयमै समाप्त भए।

मेरो विचारमा त लुम्बिनीको प्रचार नपुगेको होइन। लुम्बिनीको सम्बन्धमा बाहिर देशमा जति प्रचार भइरहेको छ वा गरिएको छ सोही अनुसार स्वदेशमा फर्किसकेपछि लुम्बिनी सम्बन्धी काम द्रुतगतिले हुनुपर्छ। यदि त्यसो हुन सकेन भने प्रचारको आधारमा लुम्बिनीमा आई हेर्दा 'उही नाम्लो उही कुम्लो' भने झैं दर्शकहरूको मनमा खिन्न हुने स्थिति आउनदिन हुन्न। यस्तो भएको खण्डमा लुम्बिनी सम्बन्धी गरेको प्रचारमा उनीहरूको मनमा कत्ति पनि विश्वास र आस्था रहने छैन जुन् लुम्बिनी विकासको निमित्त एक ठूलो बाधा हुने छ। अतः बरु श्री ५ महाराजाधिराजको महान वाणी जस्तै थोरै कुरा गरी धेरै काम गरेर देखाउन सकौं। यात्रीहरूको सुविधातिर ध्यान दिने हो भने हाल भैरहवा लुम्बिनीको बाटो नसिद्धिएसम्म ककरहवाको बाटो मरमत गरी सुचारूरूपले चलाउनु नितान्त आवश्यक छ। बाटो घाटो भनेको जति धेरै हुन्छ त्यतिनै सबैको लागि सुविधाजनक हुन्छ। यो सिद्धान्त-लाई बिर्सनु हुन्न। एउटै बाटो भए पुग्छ भन्ने रुढीवादी विचारलाई हटाउनु पर्दछ। यात्रीहरूको निमित्त अर्को असुविधा केछ भने एक घण्टा लुम्बिनी हेर्न आउनेसंग पचासौं रुपैयाँ भीसा फी लिने कुरा। यी कारणहरुले लुम्बिनीमा आउने जुनसुकै यात्रीले पनि चित्त दुखाएर

Downloaded from http://dhamma.digital

गइरहेका छन् । लुम्बिनी सम्बन्धी हालसम्म जति प्रचार तथा होहल्ला भैरहेको छ त्यस अनुसार त्यहाँ गएर आउने स्वदेशी वा विदेशी सन्तोष हुन सकेका छैनन् । दृष्टान्तको लागि पोरसाल लुम्बिनीमा जाँदा पोरसालमै लुम्बिनीको पूल तयार हुने कुरा र परारसाल जाँदा परार-सालमै तयार हुने कुरा सुनिएको थियो । 'यो साल' भन्ने त कहिल्यै सिद्धिएको होइन । अतः बरु प्रत्येक बेलामा 'यसै सालमा सिद्धिनेछ' भनेर नभनी यति यति कारणले गर्दा काममा अड्चन वा बाधा आइपरेको हुनाले अर्को डेढ दुइसालभित्र सिद्धिनेछ भन्नु नै धेरै राम्रो होला र यसबाट सर्वसाधारण मानिसहरूको मनमा लुम्बिनी विकासका अधिकारीहरूका कुरा माथि धेरै विश्वास बढ्ने छ । यसो भनेर बरु एक वर्ष अगाडि नै सिध्याएर देखाउनसके अति प्रभावकारी हुनेछ । हुनत २०३२ सालमा श्री लोकदर्शन बज्राचार्यको अध्यक्षतामा लुम्बिनी विकास समितिको पुनर्गठन भएदेखि यता त्यहाँ केही काम भइरहेको छ भनी भन्नुपर्छ । यसमध्ये सबभन्दा खुशीको कुरो चाहिं कार्यक्षेत्रमै आफिस खोलिएको । त्यहाँ आफिस खोलिएको हुनाले नै ७७० हेक्टर जग्गा अधिग्रहण गर्नुपर्नेमा हालसम्म ६३० हेक्टर जग्गा अधिग्रहण भई मुवाब्जा समेत दिने काम भइसकेको छ । ११३ हेक्टरमा विभिन्न जातका २ लाखभन्दा बढता रुखहरूका बिरुवाहरू रोप्ने काम सिद्धिसकेको छ । अरू १०३ हेक्टरमा रोप्न बाँकी नै छ । माइलौं लामो पानीको ढल पनि खनि सकिएको छ ।

अब यो आउँदो लुम्बिनी वर्षभित्र लुम्बिनी विकास समितिले बित्थामा देखावटी काममा पैसा खर्च गर्नु भन्दा मानिसलाई प्रबुद्ध गराई

Downloaded from http://dhamma.digital

देश विकासको लागि चेतना जगाउने जस्ता कुनै ठोस कार्य गरी देखाउनु समयको माग हो जस्तो लाग्छ । यसको लागि गुरुयोजना अन्तर्गत जतिसक्यो त्यति चाँडो मोनेष्टिकजोन छुट्याई त्यसमा स्वदेशी र विदेशीहरूको लागि मन्दिर बनाउनको निमित्त जग्गा वितरण गरिहाल्नै पर्छ र गाउँ बसाल्ने कामको शुरुवात पनि गरिहाल्नै पर्छ । यो कामबाट दर्शकहरूले लुम्बिनीमा काम भइरहेको देख्नेछन् र यसबाट धेरै मानिसहरू अत्यन्त प्रभावित हुने छन् । यसरी काम गरेमा नै लुम्बिनी वर्ष राम्ररी मनाइएको हुनेछ र गरीबी मुलुकको पैसा बेर्थमा खर्च गरेको हुने छैन ।

अर्को कुरा पत्र पत्रिकाहरूमा लुम्बिनीमा यति उत्खनन भयो उति उत्खनन भयो भन्ने समाचार पढिन्छ । तर त्यहाँ गएर हेर्दा अघि जस्तै जस्ताका तस्तै सिवाय कुनै नयाँ काम भएको देखिंदैन । भनिन्छ कि खुदाइ गरिएका ठाउँहरू पुनः माटोले पुरिदिने गर्दछ । यसरी उत्खनन भएका ठाउँहरूलाई पुर्दै लैजाने हो भने उत्खननको काम कहिल्यै सिद्धिन सक्ने छैन र त्यहाँ जाने दर्शकहरूले नयाँ उत्खनन भएको काम र ठाउँ पनि कसैले देख्ने छैनन् । एकपटक उत्खनन भइसकेको ठाउँलाई पुनः पुरिदै जाँदा फेरि उत्खनन गर्न पर्दा दोहोरो खर्च लाग्ने, यसबाट खर्चको अभाव भएकोमा पुनः खर्च गर्दा खर्चको भार कम हुनुना सक्ने, दर्शकहरूले कुनै नयाँ काम भएको नदेख्ने आदि कारणहरूलाई ध्यानमा राखी, धनको अपव्यय नहुने गरी उत्खनन कार्य भइदिए बेश हुने थियो भन्ने हामी साधारण जनताको भनाइ छ । शायद यसमा पुरातात्विक दृष्टिकोणबाट केही कारण हुनसक्ला । जो कि साधारण मानिसलाई

Downloaded from http://dhamma.digital

थाहाहुन्न । एकातिर यस्तो हुन्छ भने अर्कातिर ३० सौं वर्ष अघि स्वयंले कपिलवस्तुमा देखेको "भिम्सेनको नली" भन्ने कनकमुनिको शिलालेख भएको, टुक्रेको जमिनमा धसिएर तेर्सो परिरहेको शिलास्तम्भ अद्यापि सोही नै स्थितिमै छ । के त्यस स्तम्भलाई राम्रोसँग राखी त्यसमा अंकित लिपिहरूलाई क्षति नपुग्ने गरी बचावट गरिराख्न सकिन्न ? ती लिपिहरूको क्षति नभएसम्म सम्बन्धित पुरातत्व विभागको आँखा नखुल्ने हो कि क्याहो ? भनिन्छ कि त्यस्तै अवस्थामा राख्नाको पनि कारण छ । यदि पुरातत्व विभागले सुरक्षित हुने गरी बारलगाई राख्न सक्दैन भने इजाजत दिएमा कुनै बौद्ध भक्तजन त्यसको लागि तयारी हुन सक्छ । त्यो स्तम्भ आजसम्म पनि उही अवस्थामै लडेको मात्र होइन असुरक्षित स्थितिमा हेर्नपर्दा विश्वका बुद्धिष्टहरूको हृदय छिया छिया हुन्छ । त्यहाँ गएर हेर्न जाने कुनै दर्शकको मनमा यस्तो प्रभाव पर्न सक्छ कि त्यति जावो लडेको स्तम्भको सुव्यवस्था त गर्न सक्दैनन् भने कसरी कपिलवस्तु सम्बन्धी प्रकाश पार्न सक्लान् र कसरी 'कपिलवस्तु यता हो कि उता हो ?' भन्ने दिशातिर पूरा ध्यान दिन सक्लान् ? कसरी राष्ट्रिय गौरवलाई कायम राख्न सक्लान् ? अहिले नै शयकडौं वर्ष हामी पछाडि परिसकेका छौं । तापनि हामी अझ पनि राम्ररी बिउझन सकेका छैनौं । अन्तरराष्ट्रिय प्रश्नसँग जोडिएको यस प्रश्नलाई 'भोलि' भनेर बस्ने अवस्था होइन । शायद कसैले भन्नसक्छ कि देशको जुनसुकै क्षेत्रमा पनि भ्रष्टाचारको जरो जमिसकेको छ र भ्रष्टाचार कहाँ छैन भनी खोज गरिनुपर्ने अवस्थामा कहाँको त्यो जमिनमनिको खोज ? त्यसमा पनि पुरातत्वको काम साधारण मानिसहरूले चिताउने

Downloaded from http://dhamma.digital

जति सजिलो काम अवश्य पनि होइन। यसको लागि श्री ५ को सरकारले प्रसस्त मात्रामा पुरातत्व विभागलाई धनको रकम छुटचाइदिनु पर्छ।

कपिलवस्तुवासी भिक्षुहरूको एक भग्नावशेष विहारलाई लिएर त्यसैलाई कपिलवस्तु नगर हो भनाउन लगाउन कति प्रचार कति खर्च, कति मद्दत र कति होहल्ला ! यो हेर्दा त हाम्रो पुरातत्व विभागलाई छुटचाइने श्री ५ सरकारको धन त हात्तीको मुखमा जिरा जस्तै हो। 'यही कपिलवस्तु हो' भनाउने प्रयास चाहिं कहिल्यै सफल हुन सक्दैन। किनभने वास्तवमा 'सत्य' नै 'सत्य' सिद्ध हुनेछ। पिपरहवामा गएर आउने कुनै पनि प्रबुद्ध व्यक्तिले त्यस स्थानलाई एक भव्य विहार बाहेक कपिलवस्तुको राजधानी वा नगर हो भनी भन्न सक्दैन। यदि साँच्चै नै पिपरहवा कपिलवस्तु नगर हो भने त्यहाँनिर हिमालको पहाडसँग जोडिएको "महावन" हुनुपर्थ्यो। यो महावन पिपरहवामा कहाँ छ त ? जुन महावनमा भगवान् बुद्ध कपिलवस्तुमा बस्नु हुँदा सधैं झैं दिवा विहारको लागि जानुहुन्थ्यो। पालिसाहित्यमा कपिलवस्तु नगरसँग हिमालको पहाडसँग जोडिएको "महावन" भएको कुरा प्रष्टसँग उल्लेख भएको पाइन्छ[१]।

१. हेर्नू म. नि. I. पृ. १४६: मधुपिण्डिकसुत्तं (ना. पालि)।

"एकं समयं भगवा सक्केसु विहरति कपिलवत्थुस्मिं निग्रोधारामे। अथ खो भगवा पुब्बण्ह समयं निवासेत्वा पत्तचीवरमादाय कपिलवत्थुं पिण्डाय पाविसि। कपिलवत्थुस्मिं पिण्डाय चरित्वा पच्छाभत्तं पिण्डपातपटिक्कन्तो येन महावनं तेनुपसङ्कमि दिवा विहाराय।..."

Downloaded from http://dhamma.digital

कपिलवस्तु नेपालको तिलौराकोट नै हो भनी यसभन्दा अघिका अनेक विशेषज्ञ अनुसन्धानकर्ताहरूले प्रमाणित गरिसकेका छन् । तर हामी आफ्नै हीनताको कारणले गर्दा थिचिएर बसिरहेका छौं । 'कपिलवस्तु यता हो कि उता हो ?' भन्ने विषयमा हालसालै श्री ५ को सरकार पर्यटन विभागले प्रकाशित गरेको श्रीलंकाका ए० डी० टी० ए० पेरेराले विद्वतापूर्वक लेख्नु भएको लेख पर्याप्त छ । हजारौं वर्ष अघिदेखि चलि आएको कपिलवस्तु भन्ने नाम आज पनि त्यहाँका वासिन्दाहरूले 'कपिलवस्तु' नै भन्दछन् । सोही स्थानलाई शयकडौं वर्ष अघि तिब्बती धर्मयात्रीहरूले "कपिलवस्तु" भनेर नै त्यस ठाउँको भ्रमण गरेका थिए । यी सबै कुराहरू टोकियोमा उत्पन्न भएको बहसमा नेपाली प्रतिनिधिहरूले कारण सहित सत्य कुराको प्रकाश गरी आफ्नो देशको प्रतिष्ठा कायम राख्नमा कत्तिपनि कसर राखेका छैनन् भन्न पाउँदा मलाई सारै खुशी लागेको छ । अतः श्री ५ को सरकारले विशेषगरी यातायात मन्त्रालयद्वारा लुम्बीनी, कपिलवस्तु र देवदह जोरिने आधुनिक बाटो घाटोको व्यवस्था अविलम्ब गरिदिनु पर्छ र तत्सम्बन्धी उत्खनन कार्यलाई पनि द्रुतगतिले बढाई राष्ट्रिय प्रतिष्ठालाई जोगाउनु पर्छ । यो लुम्बिनी वर्ष उपरोक्त कार्यहरूको लागि उचित अवसर हो ।

टोकियोमा भएको १२ रौं विश्वबौद्ध सम्मेलनमा नेपाली प्रतिनिधिका नेता श्री लोकदर्शन बज्राचार्यले नेपाल धर्मोदय सभाको तरफबाट राखेका तीनैवटा प्रस्तावहरू मध्ये दुइवटा सर्वसम्मतिद्वारा पारित भए । ती हुन्—(१) सन् १९७९ लुम्बिनी वर्ष मनाउने, (२) लुम्बिनी विकासको निमित्त सबैले सक्दो आर्थिक सहायता प्रदान

Downloaded from http://dhamma.digital

गर्ने । (३) नेपाललाई शान्तिक्षेत्र घोषणा गर्ने प्रस्तावलाई समर्थन गर्ने बारेमा यस सम्मेलनमा समर्थन गरिसकेकोले अहिले गर्नु नपर्ने प्रस्ताव भयो ।

**अक्टोबर २ तारिख ।** आज पनि कतै गइन बँगैचामा भएको रातीको पार्टीमा चाहिं लुम्बिनीलाई सहायता गर्ने श्रद्धेय अनुरुद्ध महास्थविरका दाता हाजिमे आजुमालाई केही मास्कोको उपहार दिई परिचय गर्ने विचारले पार्टीमा गएँ । त्यहाँ उभिरहेको मलाई मनमा कस्तो कस्तो लाग्यो । फर्कनलाई खर्च पनि छैन । पार्टीमा अबेर-सम्म बसिरहने साहस पनि भएन । अनि विवश भएर श्री मणिहर्ष साहुसँग केही खर्च मागें । वहाँले १० हजार येन दिनु भयो । फर्कनलाई दुक्क भएँ । हाजिमे देखापरे । अनुरुद्ध महास्थविरले बोलाउन आउनु भयो । परिचय कार्ड आदान-प्रदान भयो । मैले मास्कोको उपहार दिएँ । बुढा खुशी भए । त्यसपछि म होटेलमै तुरन्तै फर्के ।

होटेलमा फर्कंदा मेरा एक पुराना साथी ८२ वर्षीय भिक्षु उनको श्रीमतीसँग भेटन आएका थिए । उनलाई पनि मास्कोको उपहार प्रदान गरें । जाने बेलामा खर्चको लागि भनेर वहाँले ५० हजार येन प्रदान गर्नुभयो । राती अबेर गरी अर्का साथी भिक्षु शोकान् ओकातो उनकी श्रीमतीका साथ होटेलमा भेटन आउनु भएको थियो । वहाँहरूलाई पनि मास्कोको उपहार दिएँ । केही छिन मात्र कुशलवार्ता भयो । अनि जानु भन्दा अगाडि बिस्तारै 'यो खस्ला' भनी पट्याइएको एक कागज सहित एउटा फूलको थुंगो हातमा दिए । शायद त्यहाँ अरू अरू मानिसहरू

Downloaded from http://dhamma.digital

पनि भएका हुनाले त्यसो गरेका होलान् । पठाएको कागजमा १ लाख येन थियो ।

अक्टोबर ३ र ४ तारिख । अक्टोबर ५ तारिखको मीटिंग जो ज्योजी विहारमा सिद्धिएपछि उहींबाट दिनको २ बजे 'बुलेट ट्रेनद्वारा' अर्थात् गोली जस्तो छिटो जाने रेलद्वारा टोकियोबाट क्योटो जाने कार्यक्रम थियो र ६ तारिखमा क्योटोमा सम्मेलनको विसर्जन हुने कार्यक्रम थियो । हुन त १९७० साल सम्म म जापानमा जाँदा टोकियो-बाट क्योटो जानको लागि दिनभरी नै लाग्थ्यो । अहिले माथि बताइएको रेलद्वारा ३ घण्टामा पुगिन्छ ।

क्योटो प्राचीन जापानको राजधानी हो भने टोकियो वर्तमान जापानको राजधानी हो । टोकियो शहरको बयान गरेर साध्यनै चल्दैन । किनकि जापान एशियाको मात्र होइन अपितु विश्वका विकशित मुलुक-हरूमध्ये कलकारखानाहरूले सुसज्जित अति विकसित मुलुक हो । टोकियो शहरमा अहिले झण्डै सम्पूर्ण नेपाल अधिराज्यको जनसंख्याले बास गर्दछन् । १९७० मा नभएका पूल माथि पूलका बाटाहरू टोकियो शहरमा अहिले थुप्रै भइसकेका छन् । यसको रमाइलो र महंगीबारे कुरा गरेर साध्य हुने छैन । दृष्टान्तको लागि—एक कप कफिको २५० येन पर्छ । टेक्सी भाडाको शुरुवात ३३० येनबाट सुरु हुन्छ । जमिन मनिको रेलको भाडा सबभन्दा कम ८० येन हो । हामीलाई राखेको टोकियो ग्रैण्ड होटेलको एकदिनको भाडा १५ देखि १७ हजार येन हो । त्यो पनि खाना बाहेक । जापानीहरू शिष्टसम्पन्न छन् भन्ने र उनीहरू

Downloaded from http://dhamma.digital

कतिका सफा सुग्घरसँग बस्छन् भन्ने कुरा भनिरहनु पर्ने होइन । घरभित्र पस्नलाई अर्कै चप्पल, चर्पी जानलाई अर्कै चप्पल लगानु पर्नेबाट पनि जापानीहरूको जीवन-स्तरको अन्दाज लगाउन सकिन्छ । कोठामा बसिकनै जापानभर जहाँपनि स्वचालित टेलिफोनले कुरा गर्न सकिन्छ ।

क्योटो जाने कार्यक्रम केवल औपचारिक प्रतिनिधिहरूको निमित्त मात्र हो । अनौपचारिक सदस्यहरूको लागि होइन । यदि उनीहरू पनि जान चाहेमा सबै खर्च आफैले बेहोरी जानुपर्थ्यो । आफ्ना नेपाली अनौपचारिक साथीहरूसँग सोध्दा त्यतिका पैसा खर्च गरेर क्योटो जान चाहने कमै मात्र थिए । जानको लागि रेल भाडा मात्र १० हजार येन चाहिन्थ्यो । अनि मेरो मनमा कुरा खेल्न थाल्यो । अब भने हाम्रा दर्शकहरूले क्योटो र नारा ऐतिहासिक बौद्ध स्थान नहेरिकनै फर्कन पर्ने भयो । यो विषयलाई लिएर मलाई निक्कै चिन्ता भयो । क्योटो र नारा नहेरिकन बौद्धदेश जापान हेरेको हुन सक्दैन । यो थियो अक्टोबर ३ तारिखको कुरो । त्यसै दिन लञ्छको समयमा मेरा साथी प्रो० शोजुन बन्दोसँग पनि होटेलमै भेटभयो । वहाँलाई यो मेरो मनको तर्कनाको कुरा सुनाएँ । अनि वहाँले "किन हामी यस विषयमा अमुकसँग कुरा नगरौं ?" भनी भन्नुभयो । मैले भने "म त भन्न लाज मान्छु ।" वहाँ गएर त्यो पुरुषलाई मकहाँ बोलाएर ल्याउनु भयो । वहाँले कुरा उठाउनु भयो । आशा निराशले ठाउँ लियो । फेरि साथीले अर्का व्यक्तिसँग कुरा गर्ने सल्लाह दिनुभयो । मैले अघि जस्तै जवाफ दिएँ । वहाँले शायद कुरा गरेर हेर्नुभयो क्यारे तर फल चाहिं निराशजनक थियो । एक दुइ जना भए पो !! तर मेरो पछाडि १५/१५ जनाको डफ्फा छ । अनि कसरी

Downloaded from http://dhamma.digital

हुन सक्ला ? सम्भवै नहुने कुरा । त्यसपछि यस विषयमा चिन्तन गर्न छाडिदिएँ । मेरा साथीको आज क्योटो फर्कने कार्यक्रम थियो । मेरै कोठाबाट वहाँ क्योटो जानुभयो । नेपालीहरू जान चाहेमा जान नसक्लान् जस्तो त मलाई लागेको थिएन । हुनत हो प्रत्येकको निमित्त शर्यौं डलरको कुरा थियो ।

यी माथिका तर्कवितर्क तथा प्रयासहरू भइरहेको कसैलाई थाहा थिएन । यो केवल म एक्लैको चिन्तनको कुरा मात्र थियो । नेपालीहरू-सँग बसोबास र खानपानको निमित्त पैसा निकाल्न लगाउनु असाध्यै गहारो पर्थ्यो । यो कुराको अनुभव श्री लोकदर्शनज्यूले नै बताउनु भएको थियो । जो ज्योजी विहारमा बस्नेहरूसँग ७ दिनको १०/१० डलर उठाएर ल्याइदिनु होस् भनी भनें । वहाँ गएर रातको १२ बजे सम्ममा मेरो कोठामा आई बल्ल बल्ल ७ दिनको ५० डलरको हिसाबले मात्र उठाउन सकें भनी डलर जम्मै मलाई दिनुभयो । दिन परे पनि एकचोटि चाहिं छुच्चोपन देखाउने हामी केही नेपालीहरूको बानी हो । त्यसको येन साट्दा १, ३९, ३१० येन पाएँ । अनि १,४०,००० येन पुऱ्याउन बाँकी येन मैले राखेर यो पैसा प्रो० हानायामालाई बुझाइ दिएँ ।

रातको १२ बजिसकेको थियो । शायद लोकदर्शनज्यू पनि मेरो कोठामै हुनुहुन्थ्यो जस्तो मलाइ लाग्छ । टेलिफोन आयो । "हैलो" भन्दै टेलिफोन उठाएँ । आवाज सुन्नेबित्तिकै साथी प्रो० बन्दोको भनी थाहा पाएँ । यो थियो क्योटोबाट ट्रंककल । केहीछिन पछि वहाँले फोनमा भन्नुभयो—

Downloaded from http://dhamma.digital

"तपाइंका १५ जना कलोवर्संहरूको निमित्त क्योटो र नारा देखाउने भारा मेरो भयो। तपाइं निश्चिन्त रहनु होस्। आतेजाते खर्चको व्यवस्था म मिलाउने छु। होटेलको खर्च मात्र जनही पांच पांच हजार येन वहाँहरूले व्यहोर्न पर्ला जस्तो लाग्छ।"

यो सुनेर छिनभरको लागि म स्तब्ध भएँ। के भनौं के भनौं जस्तो लाग्यो। "भइहाल्यो तपाइंले यो कष्ट नउठाउनु होस्" भनी भनें। तर वहाँले पुनः जोर दिएर भन्नुभयो कि "यसमा मलाई कुनै कष्ट छैन, मेरी श्रीमती पनि यस सहयोग कार्यमा सहमत छिन्, तपाइं निश्चिन्त रहनु होस्। सबै व्यवस्था हामी मिलाउने छौं र भोलि तपाइंलाई पैसा पनि पठाइदिनेछु।"

अन्तमा मैले गरुंगो हृदयले स्वीकार गरें। अनि मैले यो कुरा दर्शनजीलाई पनि सुनाएँ। यतिकैमा रातको १ पनि बजि सकेको थियो।

अक्टोबर ४ तारिकको बिहान लोकदर्शनज्यूले यो कुरा सबैलाई सुनाइ दिनुभयो र केही सदस्यहरू हर्षित भएको कुरो पनि सुनाउन आए। हो वहाँहरूले मेरो निमित्त पनि केही आर्थिक सहायता गर्नु भएको थियो।

फेरि दिउसो कन्दोज्यूले पैसा पठाइसकेको छु भनी फोन गर्नुभयो। अनि दिनको २ बजेतिर होटेलमा (१,५०,०००) एकलाख पचासहजार येन भएको एक रजिष्टर्ड पत्र पाएँ। यो थियो टोकियोबाट क्योटोजानको निमित्त रेल भाडाको खर्च।

Downloaded from http://dhamma.digital

## क्योटोमा

**अक्टोबर ५ तारिख।** आज बिहान जो ज्योजी विहारमा विहानको कार्यक्रम थियो र दिवाभोजन पनि उहीं थियो। दिवाभोजन पछि उहींबाट क्योटो जानको निमित्त टोकियो स्टेशनमा लैजाने कार्यक्रम पनि थियो। त्यसदिन बिहानैदेखि पानी पनि परिरहेको थियो। क्योटो जान पर्नें भएको हुनाले टोकियो ग्रॅण्ड होटेलबाट टैक्सीमा बसेर त्यहाँ गएँ। दिवाभोजनको समय भैसकेको थियो। बल्ल बल्ल कसैलाई हाते बैग लिन लगाई विहारको हलमा पुगें। सबै भोजनको लागि जाने तरखरमा थिए। संयोग बस त्यहाँ दलाई लामाका दाज्यू—जोसंग मेरो अघिदेखि परिचय थियो। अनि उनका परिवारहरूसँग एक दुइवटा फोटो खिच्नुभयो। वहाँको नाम थुब्तेन् नोर्बू हो। वहाँ अहिले गृहस्थी हुनुहुन्छ र अमेरीकामा बस्नुहुन्छ। भोजन पछि विशेष बसमा राखी प्रतिनिधिहरूलाई स्टेशनमा पुऱ्यायो। जो ज्योजी विहारमा बस्ने नेपाली सज्जनहरू जापानमा पढिरहेको विद्यार्थी महेन्द्रकाजीसँग बिहान सबेरै रेलबाट क्योटो गइसकेका थिए। क्योटो जाने सज्जनहरू यी हुन्—

(१) श्री बोधिरत्न शाक्य, (२) श्री इन्द्रबहादुर शाक्य, (३) श्रीमती प्रेमलता तुलाधर, (४) श्री सुचित्रभान शाक्य, (५) श्री शुभाष नरसिंह शाक्य, (६) श्री मीनबहादुर शाक्य, (७) श्री राजेन्द्रमुनि ताम्राकार, (८) श्री प्रेमसुन्दर तुलाधर, (९) श्री दबलकाजी तुलाधर, (१०) श्री धर्मबीर शाक्य, (११) श्री कर्कटमान तुलाधर, (१२) श्री बिद्यामान तुलाधर, (१३) श्री बुद्धिराज बज्राचार्य र (१४) श्री महेन्द्रकाजी शाक्य मार्गदर्शक।

Downloaded from http://dhamma.digital

क्योटोबाट नारा गएर आउनको निमित्त र फेरि क्योटोबाट टोकियो फर्कनको निमित्त पनि मेरा साथी प्रो० शोजुन बन्दोले खर्च दिए। क्योटोमा दुइ रात होटेलमा बस्नको निम्ति यी सज्जनहरूमध्येमा एकजना बाहेक अरूबाट पाइएका दुइ दुइ हजार येन बाहेक मेरा साथीले जम्मा (४,६५,०००) चारलाख पैसट्ठीहजार येन खर्च गर्नुभयो। भनाइको मतलब त्यसबखतको दरले डलर साट्दा ३,२२८ डलर हुन आयो। यसको ने० रु० हिसाब गर्ने हो भने (४०,३५०) चालीसहजार तीनशय पचास रुपैयाँ हुन जान्छ। वहाँप्रति खुशीभई नेपालीहरूले केही कोसेलीहरू पनि दिएका थिए।

जापानमा बुद्धधर्मले प्रवेश गर्दा नारा राजधानी थियो। त्यसबखत त्यहाँ बनाइएको सबभन्दा पहिलो विहारलाई 'होर्‍योजी' भन्दछन्। यो विहार तीनतले नेपाली छाना जस्तो छाना भएको विहार हो। जापानमा सबभन्दा विशाल बुद्ध मूर्ति नारामा छ। यसलाई 'डाइ बुत्सु' भन्दछन्। यो भन्दा स्यानो बुद्धमूर्ति कामाकुरामा छ र हाल टोकियोमा खुला आकाशमा बनेको बुद्धमूर्ति यो भन्दा स्यानो छ। त्यसपछि जापानको राजधानी क्योटोमा सर्‍यो। त्यसपछि फेरि टोकियोमा सरेको थियो। अतः जापानी बुद्धधर्मको इतिहासमा नारा र क्योटो नेपालको पाटन र भक्तपुर जस्तै भन्न सकिन्छ। क्योटो शहरमा जतातत्तै प्राचिन बिहारैं बिहारहरू छन्।

जापानमा केही दिन बस्दा नेपालीहरूको बारेमा यही गुनासो सुन्न पाएँ कि उनीहरू सुग्घर सफासँग बस्न जान्दैनन्। चाहे तिनीहरू

Downloaded from http://dhamma.digital

उच्चतहका किन नहुन् । संगठित रूपले बस्न जान्दैनन् । तथा शिष्ट-सम्पन्न व्यवहार गर्न पनि राम्ररी जान्दैनन् । हुन पनि हो टोकियोबाट क्योटो आइरहेको बेलामा जो ज्योजी विहारबाट रेलमा टेलिफोन आयो कि—यहाँ बसेर गएका नेपालीहरूका सामानहरू कोठामा अलपत्र पारी छाडेर गएका छन् र ती कोठाहरू विहारको अन्य प्रयोजनको निमित्त चाहिएका छन् । यो खबर सुन्दा मलाई सारै शरम लाग्यो । यो खबर मलाई मेरा साथी प्रो० हानायामाले भन्नुभयो जो रेलमा सँगसँगै गइरहनु भएको थियो । "कस्ता नेपालीहरू होलान्" भन्ने कुराले मलाई दिक्क गऱ्यो । अनि यो कुरा तुरन्तै श्री लोकदर्शन र श्री आशाराम शाक्यहरू-लाई सुनाइदिएँ । किन कि वहाँहरू नै यात्राका अगुवाहरू हुनुहुन्थ्यो । अतः विदेशमा जाँदा कुनै पनि नेपालीले यो सिक्नसक्नु पर्छ कि आपसमा संगठित भई आफूभन्दा आफ्नो देशको राष्ट्रिय झण्डालाई सर्वोपरी सम्झनु पर्छ र नेपालको इज्जत नजाने गरी व्यवहार गर्न सिक्नुसक्नु पर्दछ ।

अनि ठीक साँझको ५ बजे हाम्रो विशेष रेल क्योटो स्टेशनमा पुग्यो । स्टेशन पुग्नु भन्दा ५/१० मिनेट अगाडि लाउडस्पिकरद्वारा सूचना आयो कि यो रेल क्योटो स्टेशनमा केवल २ मिनेट मात्र रोकिने छ । अतः आ-आफ्ना हाते सामानहरू लिई तमतयार भई बस्नुहोला । हुन पनि हो, हामीहरू रेलबाट निस्केर आ-आफ्ना हाते सामानहरू सँभाल्दै थियौं रेल हुइन्त गरी चलिहाल्यो । ठूला ठूला सामानहरू अर्कै रेलबाट अगाडि नै क्योटो ल्याइ पुऱ्याइ सकेका थिए ।

Downloaded from http://dhamma.digital

सबै प्रतिनिधिहरूलाई क्योटो रेल स्टेशनको पारिपट्टि भएको ९ तले 'न्यू मियाको होटेल'मा राख्ने व्यवस्था भएको थियो। स्टेशनबाट ओल्हो त्यति पारिसम्म जाने मलाई यस्तो कठिनाइ पर्‍यो कि कै भनौं। छाती फुट्ला जस्तो भएको थियो। बल्ल बल्ल होटेलमा पुगें। प्रतीक्षालयमा एक खाली कचचमा चूप लागेर बसें। प्रतिनिधिहरू सबै आ-आफ्ना कोठाका ताल्चा र खाने कूपन धमाधम लिई कोठातिर जान थाले। भीड धेरै थियो। यसैबेला कचचमा बसिरहेको मलाई डा० शीगाकि आएर नमस्कार गरे। किनकि उनलाई मैले क्योटो पुग्ने समय र होटेलको नाम लेखेको थिएँ। त्यस्तै गरी अर्का एकजना भिक्षु पनि आएर नमस्कार गरी मसंगै बसे। करीब घण्टाभर सम्म त्यहाँ बसी हुल कम भएपछि ताल्चा र कूपन लिएर कोठामा गएँ। होटेलको प्रतीक्षालयमा नै लण्डनका डा० सद्धातिस्स महास्थविर पनि भेट हुँदा सारै खुशी लाग्यो।

अक्टोबर ६ तारिख। आज दिउँसो ४ बजे सम्मेलनको कार्यक्रम सिद्धिने प्रोग्राम छ। जुन ठाउँमा सम्मेलन समाप्तिको सभा हुने हो त्यो ठाउँ क्योटो शहरबाट अलि टाढा छ। त्यसैले त्यहाँ जाने प्रतिनिधिहरू बिहान एक विहारमा भएको मीटिंग सिध्याई त्यहाँबाट जाने कार्यक्रम थियो। म त होटेलमै बसिरहेको थिएँ। बिहानको मीटिंग भएको विहारमा पनि जान सकिन र भोजनार्थ पनि जान सकिन। भोजनको लागि जुन कूपनहरू सम्मेलन आयोजक समितिले दिएको छ त्यसमा अर्को पार्टीमा जाने दिनको अथवा बाहिर खानाखाने दिनको कूपन हुन्न। किनकि त्यो दिन कसैले पनि होटेलमा खाने नभएकोले।

Downloaded from http://dhamma.digital

यस्तो अवस्थामा होटेलमा खानपर्दा आफ्नै पैसाले खानुपर्थ्यो । यो थियो बुद्धिष्ट फेडरेशनको अर्थनीति । यसमा कुनै अर्को उपाय थिएन । अतः टोकियोमा झैं यहाँ पनि त्यस्तो अवस्थामा होटेलमा आफ्नै पैसाले खाना खाएको थिएँ ।

अनि मनमा अन्तिम सभामा त डब्ल्यू० एफ० बी० को पदाधिकारीको नाताले कर्तव्य पालन गरी मुख देखाउनको लागि भए पनि जानपर्छ भन्ने विचार आयो । यसै समयमा हिजो होटेलमा आइपुग्दा भेट्न आउनु भएका साथी याहानासी भिक्षुजी होटेलमा मलाई भेटन आउनु भएको थियो । वहाँलाई मास्कोको कोसेली पनि दिएँ । वहाँ पनि सम्मेलनको सभामा जानुहुने रहेछ । अतः वहाँले मलाई आफ्नै साथमा लिएर जानु भयो । त्यहाँ जानुभन्दा अगाडि वहाँले मलाई आफ्नो विहार पनि देखाउन लैजानु भयो । सभाको शाला एक आधुनिक कलाकृतिले सुसम्पन्न थियो र आकर्षक थियो । ठीक ४ बजे सभा शुरु भयो र ठीक ५ बजे विसर्जन पनि भयो । विसर्जन हुनुभन्दा अगाडि जापानको बुद्धिष्ट फेडरेशनले लुम्बिनी विकासको लागि चन्दा दिने घोषणा पत्र लुम्बिनी विकास समितिका अध्यक्ष श्री लोकदर्शनज्यूलाई हस्तान्तरण पनि गरेको थियो । सम्मेलन सिद्धिए पछि उहीं रात्रीभोजको आयोजना भएको थियो । म चाहिं सम्मेलन सिद्धिनेवित्तिकै होटेलमा फर्केर आइहालें ।

आज राति होटेलमा शौभाग्यवस श्रीलंकाका, कैण्डी, असगिरी महानायक गुणरतन चन्दानन्द महास्थविरको कोठामा वहाँसँग भेटघाट

Downloaded from http://dhamma.digital

भएको थियो । भेटघाट भएको बेलामा वहाँको कोठामा डा० सद्धातिस्स महास्थविर, डा० पिंबुरे सोरत महास्थविर र श्री एल्बट् एडरिसिंह महाशय पनि उपस्थित हुनु भएको थियो । यो मौका मेरो निमित्त दुर्लभ थियो । महानायक महास्थविरलाई मेरा बुद्धकालीन ग्रन्थहरूमध्ये स्मृतिको निमित्त एकप्रति प्रदान गरें । महानायक महास्थविर प्रमुदित हुनुभयो । अनि उहीं धर्मसम्बन्धी छलफल शुरुहुन थाल्यो र मैले 'साल्ह मिगार नत्ता' भनेका कसका नाति हुन् ? भन्ने प्रश्न सोधें । यस विषयमा मैले खोज गरिराखेका विषयसँग सम्बन्धित केही कुराहरूको प्रकाश पारें र मनोरथपूरणी र समन्तपासादिकाले गरेका अर्थहरू परस्पर विरोधाभाष छन् भन्ने कुरा पनि स्पष्ट पारिदिएँ ।

अक्टोबर ७ र ८ तारिख । आज न्यू मियाको होटेलमै बसें । दिउँसो बन्दो आउनु भयो । कुशलवार्ता सम्बन्धी कुरा भयो । वहाँ चाँडै नै पेगिङ्ग भ्रमणको लागि जानु हुने कार्यक्रम थियो । आज बिहान डा० सद्धातिस्स महास्थविरसँग पनि फेरि होटेलमै भेटभयो । एक पुराना साथी रिरी नाकायामा पनि केही कामले क्योटो आउनु भएको रहेछ र यसै होटेलमा बस्नु भएको रहेछ । वहाँ मेरो कोठामा आउनु भयो । वहाँलाई पनि मास्कोको कोसेली टोकियोमै दिइसकेको थिएँ । वहाँले दिवाभोजनको निमित्त निम्तो गर्नुभयो र मलाई "अब सम्मेलन सिद्धियो तपाइलाई यता उता जान वा अरू कुनै कामको लागि खर्चको आवश्यकता हुनसक्छ । यो मेरो हम्बल डोनेशन" भनी एक खाम दिनु भयो । भोजनको लागि जानुभन्दा अगाडि मैले वहाँलाई "डा० सद्धा-तिस्स महास्थविर पनि तल मलाई पर्खिरहनु भएको छ" भनी भन्दा

Downloaded from http://dhamma.digital

"झन बेश भयो वहाँलाई पनि बोलाउनु होस्" भनी वहाँले भन्नुभयो र वहाँलाई पनि दक्षिणा दिनको लागि वहाँले १० हजार येन खाममा हाल्नुभयो । अनि हामी तीनै जना खाना खान गयौं । वहाँले सद्धातिस्स महास्थविरज्यूलाई १० हजारको खाम प्रदान गर्नुभयो । खाना सिद्धिए-पछि हामी तीनजना तीनतिर लाग्यौं । कोठामा आएर खाम खोलेर हेरें । १ लाख येन थियो । "होटेलको खर्च रामैसँग टर्ने भयो" भन्ने मनमा लाग्यो । यस होटेलमा खाना बाहेक दिनको १५ देखि १७ हजार येन लाग्छ ।

**अक्टोबर ६ तारिख** । मेरो डायरीमा ९ तारिख बिहान नागोया जाने प्रोग्राम लेखिएको थियो । त्यस अनुसार म बिहान ९ बजेको रेलमा बसी क्योटोबाट नागोया गएँ । मेरा साथी डा० युकियो शोगाकिलाई भेटन वहाँको निम्तोमा जान लागेको हुँ । हुन त वहाँ क्योटोको हुनुहुन्छ । तर हालसाल वहाँ नागोयामा कामगर्नु हुँदोरहेछ । वहाँ नेपालमा ५/६ वर्षसम्म मलेरिया नियन्त्रण गर्ने डब्ल्यू०एच०ओ० को आफिसमा बसिसक्नु भएको थियो । त्यहाँदेखि वहाँसँग चिनाजान भएको हो । वहाँ हाल फुजिता-गाकुएन भन्ने युनिभरसिटीको मेडिकल जुओलोजी डिपार्टमेन्टमा काम गर्नुहुन्छ । वहाँ मलेरिया सम्बन्धी लामखुट्टेको विशेषज्ञ हुनुहुन्छ ।

ठीक बिहानको १० बजे नागोया स्टेशन पुगें । डा० शोगाकिज्यू पर्खिरहनु भएको थियो । भेंट भयो । गाडीमा बसी नागोयाको प्राचिन दरबार—जसलाई 'क्यासल' भन्दछन्—देखाउन लैजानुभयो । नागोया

Downloaded from http://dhamma.digital

शहर जापानको दोस्रो ठूलो शहर हो। यो शहरमा १२ मिलियन अर्थात् १ करोड २० लाख जनताहरू बस्दछन्। यो शहर कल-कारखानाको निमित्त जापानमा सबभन्दा नामी शहर हो। यहाँ असंख्य कल-कारखानाहरू मात्रै छन्। सडकमा ट्राफिकहरू धेरै भइरहन्छन्। यसपछि निप्पिकल्ड जापानी रेष्टोरेण्टमा गई खाना खायौं। मेरी छोरी बिमलालाई पनी वहाँले एक कट्पेन र मलाई पनी एक कट्पेन दिनुभयो। त्यसपछि वहाँले मलाई वहाँको अस्पतालमा लैजानु भयो। यो अस्पताल एक धनपतिले चलाउनु भएको हो। ७ तले घर छ। कम्पाउण्ड बडो ठूलो छ। अस्पतालमा कामगर्नेहरू सबैको लागि कम्पाउण्डभित्रै घरहरू छन्। त्यहाँ मलाई वहाँले आफ्नो अफिसमा माइक्रोस्कोपमा नेपाल तराइका अनेक प्रकारका मलेरिया लामखुट्टे हरू देखाउन थाल्नुभयो। बडो अचम्म लाग्यो। त्यस असपतालमा प्राय: गरी के रोग बढता पाइन्छ भनी सोध्दा लिभरको र किडनीको भन्ने जवाफ पाएँ। साँझपख क्योटो फर्के। क्योटो स्टेशनमा कन्वोच्यू आउनु भएको थियो। वहाँलाई शोगाकिच्यूले म आइपुग्ने समयको सूचना दिनु भएको थियो। वहाँसँगै वहाँकै पाहुनाको रूपमा 'इजुयासु' भन्ने जापानी स्टाइलको होटेलमा लगी वहाँले मलाई राख्नुभयो। वहाँ मेरो असाध्यै हित्तचित्त मिल्ने जापानका सबभन्दा पुराना साथी हुनुहुन्छ। सन् १९५२ मा जापानमा विश्वबौद्ध सम्मेल हुँदा वहाँ मेरो अनुवादक हुनुहुन्थ्यो। त्यस्तै गरी सुश्री आकिको भन्ने पनि अनुवादिका थिइन्। वहाँसंग पनि मेरो उत्तिकै मित्रता छ। अहिले वहाँको एक छोरी छिन्। राती कन्वोकी श्रीमती पनि होटेलमा आउनु भयो। सास्कोको केही उपहार

Downloaded from http://dhamma.digital

दिएँ । वहाँसँग यो मेरो पहिलो भेटघाट थियो । मलाई देखेर वहाँ अति प्रफुल्लित हुनु भएको कुरा प्रकाश पार्नुभयो । मैले पनि त्यस्तै भनें । अनि एक परिवारका जहानहरू झैं रात्रीको खाना खाइयो । धेरै बेरसम्म कुराकानी भयो । पछि वहाँहरू फर्कनु भयो ।

**अक्टोबर १० तारिख ।** आजको दिवाभोजन साथी बन्दोको घरमा भयो । दिवाभोजन पछि एक पुराना साथी क्योटो बिश्वविद्यालय-का डा० नागाओलाई भेटन वहाँको घरमा गएँ । वहाँ क्यानाडा गइरहनु भएको हुँदा वहाँकी श्रीमती र छोरीहरूसँग शिष्टाचार भेट गरी फर्के । आफ्ना बुद्धकालीन पुस्तकहरूमध्ये एउटा पुस्तक पनि दिएँ । नागाओ बुद्धिष्ट प्रोफेसर हुनुहुन्छ । संस्कृत पनि राम्ररी जान्नुहुन्छ । पछि 'इजु यासु' होटेलमा आइसके पछि मास्कोमा जस्तै बेस्करी पेट दुख्न थाल्यो र दिसा पनि भयो ।

**अक्टोबर ११ तारिख ।** आज बिहान निशी होंगाञ्जिका कोशो ए० ओटानीसँग शिष्टाचार भेट गर्न गएँ । हाल चाहिं वहाँले विहारको अभिभारा आफ्नो छोरालाई सुम्पिदिनु भएको रहेछ । जापानमा 'निशिहोंगाञ्जी' र 'हिंगाशी होंगाञ्जी' भन्ने दुइवटा बडा ठूला ठूला विहारहरू छन् । 'निशी' भनेको पश्चीम र 'हिंगाशी' भनेको पूर्व हो । अतः पूर्वी होंगांजी र पश्चीमी होंगांजी भनिएको हो । जापानमा सबभन्दा ठूला तथा सबभन्दा बढी अनुयायीहरू भएका विहारहरू यिनै दुइ हुन् । यसका सेन्टरहरू टोकियोमा पनि छन् । १२ रौं विश्वबौद्ध सम्मेलनको स्वागत समितिको अध्यक्ष क्योटो निशिहोंगांजीको प्रमुख

Downloaded from http://dhamma.digital

लर्ड एबोट ओटानी नै हुनुहुन्थ्यो । त्यसपछि अर्का साथी जेनसम्प्रदायका नाभी भिक्षु ओगातासंग पनि शिष्टाचार भेट गर्न गएँ । तर वहाँ केही साल अघि खस्नु भएको रहेछ र वहाँकी श्रीमतीलाई भेटेर आएँ । वहाँको विहारमा विशेष गरी युरोपीय मानिसहरू समय समयमा आई बस्छन् । अहिले पनि बेलायतका चारजना व्यक्तिहरू बसिरहेका छन् । श्रीमती ओगाता मलाई देखेर सारै खुशी भइन् र १९७० सालमा मैले दिएको एक झोला पनि देखाइन् । यस विहारको नाउँ रेंकाकुजी हो जस्तो लाग्छ । यो विहार क्योटोको जेनसम्प्रदायका ठूलो विहारको कम्पाउण्डभित्र पर्छ ।

आजको दिवाभोजन साथी प्रो० शोजुन बन्दोको ओटानी विश्वविद्यालयमा भयो । पेट दुखेको कारणले गर्दा मैले चाहिं अलिकति सूपमात्र लिएँ । करीब एक डेढ बजेतिर वहाँको क्लाशमा केही व्रक्तव्य दिनुपर्ने कार्यक्रम बनाउनु भएको थियो । अतः भोजन सिद्धिनासाथ क्लाशरूममा लग्नुभयो । मेरो बारेमा परिचय दिइसक्नु भएपछि मैले क्लाशका छात्राहरूलाई साधारणतः नेपालको परिचय दिएँ । अनि मैले उनीहरूसँग प्रश्न सोधें कि — नेपालमा संसारमा सबभन्दा अग्लो हिमालय छ त्यसको नाम के हो ? केही छात्राहरूले उत्तर दिए । यस्तै गरी नेपालमा अर्को संसार प्रसिद्ध बौद्धतीर्थ स्थान छ त्यसको नाम के हो ? भनी प्रश्न सोधें। यसको जवाफ कसैले दिन नसकेपछि यसैको सम्बन्धलाई लिएर लुम्बिनी विकासको चर्चा पनि गरिदिएँ । त्यसपछि त्यहाँको पुस्तकालय देखाउन लैजानु भयो । एकजना विद्यार्थीले अक्षर ठूलो देखिने यन्त्रमा राखी तिब्बत स्तक पढदै थियो । अर्को एकजना पाली विद्यार्थी भेटें । जो मेरो

Downloaded from http://dhamma.digital

साथ सहायताको निमित्त आइरहेका थिए । कुराको शिलशिलामा मैले उसलाई 'अभिधानप्पदीपिका' पनि हेर्नुपर्छ भनी भनें । अनि पुस्तकालयमा गई केही घण्टापछि १०० वर्ष पुरानो लंकालिपिमा छापिएको सो पुस्तक लिएर आए । त्यस पुस्तकालयको क्याटलकमा मेरा बुद्धकालीन पुस्तकहरू १० वटाका नामहरू पनि देखाए । त्यहाँ प्रोफेसरहरू विश्राम गर्ने शालामा केही छिन बसिरहेको बेलामा भारतको नालन्दामा बसेर आउनु भएका एकजना प्रो० नागासाकीसँग पनि परिचय भयो । आज दिनभरी जापानी च्या बाहेक अरू खाइन ।

## पुनः टोकियोमा

अक्टोबर १२ तारिख । टोकियो स्थित रिशशो कोसेइकाइका बोर्डका मेम्बर श्री चिकाहिरो होसोयोको आग्रह अनुसार आज टोकियो फर्कने कार्यक्रम थियो । अतः बिहानै उठेर जलपान गरी क्योटो स्टेशनमा आई बसिरहें । किन कि बेहानको ९ बजे बुलेट् ट्रेनबाट जानुपर्ने कार्यक्रम थियो । गाडी आयो । आफ्नो बोगी नंबरको कोठामा गई शीट नंबर अनुसार बसें । ठीक ३ घण्टा भएपछि गाडी १२ बजे टोकियो स्टेशनमा पुग्यो । क्योटोबाट टोकियो ६०० किलोमिटर छ । एक अनुवादक साथमा लिई श्री होसोयो आउनु भएको प्लेटफर्ममा भेटें । मैले आफ्नो स्वास्थ्यको बारेमा कुरा सुनाए पछि वहाँले मलाई सीधै वहाँहरूको संस्थाको अस्पतालमा लैजानु भयो । अघि वहाँ त्यस

Downloaded from http://dhamma.digital

अस्पतालको मैनेजिंग डाइरेक्टर भइसक्नु भएको रहेछ । अस्पतालको नाम 'कोसे अस्पताल' रहेछ । त्यहाँ पुग्नासाथ अस्पतालको नियमानुसार फाराम भर्नुपर्ने आदि काम सिद्धिए पछि एकजना डाक्टर कहाँ लग्नुभयो । रक्तचाप माथिल्लो २२२ र तल्लो ११० पुगेको रहेछ । तुरुन्तै छातीको एक्सरे लिन लगायो, रगत लियो, पिसाब लियो र एलेक्ट्रिकल कार्डियो ग्राम पनि लियो । अनि अमुकदिनमा हृदय रोग सम्बन्धी विशेषज्ञको पालो छ । सोही दिनमा आउनु होस् भनी भन्यो । त्यहाँबाट मलाई होसोयोज्यूले सीधा रिश्शो कोसेइकाइको प्रधान केन्द्र स्थानमा लैजानु भयो । कार्यक्रमको बारेमा मलाई केही थाहा थिएन । गाडीमा जाँदा जाँदा थाहाभयो कि सो दिन रिश्शो कोसेइकाइ संस्थाको वार्षिक उत्सव रहेछ र विभिन्न शाखाहरूको जुलुश लैजाने कार्यक्रम भएकोले सोही देखाउनको निमित्त वहाँले मलाई बोलाउनु भएको रहेछ । यो ४० सौं वार्षिकोत्सव रहेछ ।

उपरोक्त अस्पताल टोकियो शहरभित्रै छ । मेरो अन्दाजमा ८ तले हुनुपर्छ । त्यहाँ ३४० शय्याहरू छन् । दिनको १,२०० देखि १,५०० सम्म रोगीहरूको जाँच हुन्छ । १०० डाक्टरहरू र २५० नर्सहरू रहेछन् । अस्पतालको आफ्नै नर्सिंग स्कूल, हाइस्कूल र किण्डरगार्टेन स्कूलहरू पनि रहेछन् । रिश्शो कोसेइकाइका ४ मिलियन अर्थात् ४० लाख सदस्यहरू रहेछन् र यो संस्था एक गृहस्थीहरूको संस्था हो । संस्थाका स्कूलहरू पनि छन् । यो संस्थाले अस्पतालको लागि ५ शय मिलियन येन वार्षिक ग्राण्ट प्रदान गर्छ । अस्पतालमा भर्ना हुने रोगीहरूले इन्स्योरेन्स गरिराखे अनुसार पैसा तिर्नुपर्छ ।

Downloaded from http://dhamma.digital

रिशशो कोसेइ-काइको प्राँगणमा विशेष अतिथीहरूको निमित्त पाल टाँगिएको थियो। यस स्थानमा आइपुगे पछि सर्वप्रथम स्वागतद्वारमा लगी त्यहाँ ब्याच र केही उपहारका कागजको बैग दियो। अनि विशेष पाल टाँगेको ठाउँमा आई हामीहरू घण्टौं झाँकी हेरिरह्यौं। यतिन्जेल भित्र विशाल शालामा ज-जसले जे जे मनपर्छ सो सो खाने व्यवस्था पनि थियो। भित्र बोलाएर लग्यो। केही तातो वस्तु पिएँ। पछि वहाँले पालमनि बसिरहनु भएका संस्थाका अध्यक्ष श्री निवानोसँग परिचय गराइ दिनुभयो। मैले पनि मास्कोको केही उपहार स्वरूप पेपर बैग दिएँ। त्यसपछि म त थरथर काम्न थालें। किन कि त्यस दिन टोकियोमा केही बदली भई सिम्सिम् पानी परेको थियो। अनि मैले साथीलाई मेरो डेरा मेरा साथी प्रो० शोजुन बन्दोको हिंगासि उएनो भन्ने टोलमा स्थित 'हो ओंजी' बिहारमा चाँडै पुऱ्याइदिनु होस् भनी आग्रह गरेपछि वहाँले मलाई सो विहारमा पुऱ्याइ दिनुभयो। त्यहाँ पुग्नेबित्तिकै विहारमा दुइतीन जना सेवकहरूका साथ बसिरहनु भएका ७१ वर्षीय मेरा साथीका बाबु भिक्षु कान्जो बन्दोलाई केही उपहार प्रदान गरें। बुढा निक्कै खुशी भए। तर उनी अंग्रेजी जान्दैनथे। पूर्व परिचितको नाताले कुनै नयाँपन थिएन। उनको विहारको आनिबानी मलाई सबै थाहा थियो। उनकी श्रीमती १ वर्ष जति अघिमात्र खस्नुभयो। सेवकहरूमध्ये एकजना पुरानी बुढी अहिले पनि उही हसिलो अनुहारमा थिइन्। त्यसदिन सारै नै थाकेको थिएँ। अतः चाँडै नै कोठामा गई सुतिहालें।

**अक्टोबर १३ र १४ तारिख।** आज डाक्टरको सल्लाह अनुसार

Downloaded from http://dhamma.digital

सम्पूर्ण रूपले आराम लिएर बसें। एक दुइवटा पत्रहरू लेखें। आज (१४ तारिख) दिउसो महेन्द्रकाजी मलाइ भेटन आयो। साँझपख १९५२ सालमा दोश्रो विश्व बौद्ध सम्मेलनमा अनुवाद गर्ने श्रीमती आकिको यामामोटो भाइ भेटन आइन्। उनलाई पनि मास्कोको उपहार दिएँ। उनीसँगको घण्टौंको कुरामा उनले सर्वप्रथम १९५२ मा उनी अंग्रेजीको विद्यार्थी छँदा र मसित भेट हुँदा उनको मनमा परेका प्रभाव बारेमा कुरा सुनाइन्। त्यसबेलादेखि आजसम्म पनि उनीसंगको मित्रता त्यस्तै छ। उनलाई भेटेर म पनि असाध्यै खुशी हुन्छु। जानु भन्दा अगाडि उनले २८ तारिखको रातमा रात्रीभोजको लागि निम्तो दिएर गइन्। उनले महेन्द्रकाजीलाई पनि निम्तो गरिन्। साथी बन्दोको पुस्तकालयमा डा० नलिनाक्ष दत्तको 'बुद्धिष्ट सेक्ट इन इण्डिया' भन्ने किताब हेर्न थालें।

**अक्टोबर १५ तारिख।** आज योकोहामा स्थित 'कोदो क्योडान्' भन्ने स्थानमा जानु थियो। दसै बजे त्यहाँ पुग्नुपर्ने निम्तो थियो। कोदो क्योडान् भन्ने एक नयाँ बौद्ध संस्थाको नाम हो। यसको स्थापना द्वितीय विश्वयुद्ध पछि आर्चि बिशोप शोदो ओकानो र वहाँकी श्रीमती किमिको ओकानो दुइजानाले स्थापना गरेका थिए। केही वर्षमै यो संस्थाले विश्वका बौद्धहरूका बीच निक्कै प्रतिष्ठा प्राप्त गर्‍यो। यो स्थान योकोहामा शहरको पश्चिम उत्तरतिरको एउटा स्यानो पहाड माथि अवस्थित छ। टाढैदेखि यस मन्दिरको छाना देखिन्छ। हाल यो संस्थाका दुवै संस्थापक ओकानोहरू १ वर्ष भित्रै स्वर्गवास भइसके। अहिले आर्चिविशोपको एकमात्र पुत्र शोकान् ओकानो र वहाँकी श्रीमती

Downloaded from http://dhamma.digital

ओकानोहरू अध्यक्ष र उपाध्यक्ष भई संस्था चलाउँदै हुनुहुन्छ। शोकान् ओकानोले हावाइमा गई बौद्ध धर्मको बारेमा शिक्षा हासिल गर्नु भएको छ। कोदो क्योडानका ५ लाख अनुयायीहरू छन्। वहाँहरू जापानको तेन्दाइ सेक्टका हुनुहुन्छ। तेन्दाइ सेक्टका प्रमुख एताइले स्वर्गीय आर्चि-विशोपलाई "मुहेन्ज्यो बोसत्सु" भन्ने उपनाम दिएका थिए। वहाँ ७८ वर्षको आयुमा स्वर्गवास हुनुभयो र यसको १ वर्ष जति अघि श्रीमती किमिको ओकानोको देहावशान भएको थियो। वहाँ अत्यन्त प्रभावशाली र पुण्यवती हुनुहुन्थ्यो। वहाँको दया र करुणा विशाल तथा व्यापक थियो। सो संस्थाको अहिले एक विशाल केन्द्रस्थल बन्दैछ। यो योजना स्वर्गीय ओकानोहरू हुँदा नै बनाइएको थियो। वहाँहरू दुवै नेपालमा पनि आई लेखककै पाहुनाको रूपमा बस्नु भएको थियो। त्यस कोदो क्योडानको आज वार्षिक उत्सव थियो। अतः समयमै महेन्द्रकाजी साथ लिएर योकोहामा गएँ। त्यहाँ यथा समयमा मन्दिरमा पुगें। हजारौं कोदो क्योडानका अनुयायीहरू भेला भएका थिए। अति शान्त वातावरण थियो। अनि कोदो क्योडानका प्रमुख शोकान् ओकानोद्वारा जापानी परम्परानुसार बुद्धपूजा र सूत्रपाठ गरी सिद्धिए पछि श्रीमती ओकानोले संक्षेपमा उपस्थित समूहलाई मेरो परिचय दिई मलाई दुइशब्द बोल्न अनुरोध गर्नुभयो। मैले उपस्थित भक्तजनहरूलाई सर्वप्रथम स्वर्गीय ओकानोहरूसँग भेटन नपाएकोमा दुःख प्रकट गरी नेपालको लुम्बिनी विकाशको निमित्त जापानबाट सर्वप्रथम एकमुष्ट विशाल धनराशी प्रदान गर्ने श्रीमती स्वर्गीया किमिको ओकानो हुनुहुन्थ्यो भनी लुम्बिनीको बारेमा दुइशब्द बोलें। जसको जापानी अनुवाद

Downloaded from http://dhamma.digital

विद्यार्थी महेन्द्रकाजीले गरेको थियो । उसको अनुवाद बहुत राम्रो छ भनी कतिपय जनाले मलाई सुनाए । अनि दिवाभोजन पछि हामी तुरुन्तै फर्कयौं । त्यस समारोहमा डा० सद्धातिस्स महाथेर र पिबुरे सोरत महास्थविरहरू पनि उपस्थित हुनुहुन्थ्यो ।

साँझपख म बसेको 'हो ओंजी' विहारमा डा० इटेसान् ई० निसीबोरी भेटन आउनु भएको थियो र वहाँलाई पनि मास्कोको उपहार दिएको थिएं । राती ती महिला आफ्नो पतिका साथ भेटन आएकी थिइन् जो सन् १९५२ मा म जापानमा बसिरहँदा एकदिन भिक्षाटन गएको बेलामा एक घरमा उनी जन्मेकी थिइन् र उनलाई मैले सुजाता भनी नाम राखेको थिएं । उनको जापानी नाम नैमिको हो । हालसालै उनको विवाह भएको रहेछ र मलाई विवाहका दुइवटा ठूला तस्वीरहरू पनि दिइन् । उनलाई पनि मैले मास्कोको उपहार दिएं । महेन्द्रकाजी-लाई मकहाँ समय समयमा आउनको लागि खर्च गर्नको निमित्त १२ हजार येन दिएं ।

अक्टोबर १६ र १७ तारिख । आज बिहान शाही राजदूता-वासमा गई राजदूत डा० यादवप्रसाद पन्तसंग शिष्टाचार भेट गरेर आएं र १७ तारिखमा अस्ति गएको कोसे अस्पतालमा जाने दिन थियो । बिहानै श्री होस्सोयोज्यू आउनु भयो र अस्पतालमा लैजानु भयो । डाक्टर नआएसम्म प्रतीक्षालयमा बसिरह्यौं । डाक्टर आए पछि मलाई आँखी जस्तै कुरा एउटा कार्डमा लेखिदिए अनि पूरा आराम लिनुपर्छ भन्ने सल्लाह पनि दिए । अस्ति लिएको रगत, पिसाब आदि सबैको रिपोर्ट

Downloaded from http://dhamma.digital

लेखिदिए । काठमाडौं पुगिसके पछि एकपटक किडनीको जाँच गराउनू भन्नुभयो । मास्कोबाट ल्याएको रिपोर्ट पनि देखाएँ । गरुँगो चीज नउचाल्नू, कहीं बाहिर नजानू पूरा आराम लिएर बस्नू भनी भन्नुभयो । तर राती, नेपालमा आउँदा आनन्दकुटीमा बसिसक्नु भएका भिक्षु गाकुशो तामागावा आई रात्री खानाको लागि निम्त्याएर लैजानु भयो । डाक्टरले भनेको कुरा सुनाएपछि उवेनोको आस पासमै एक चाइनिज होटेलमा लगी चाइनिज खानाद्वारा संग्रह गर्नु भयो । खाना सिद्धिए पछि १५ हजार येन पनि दिनु भयो । होस्सोयोले पनि अस्पतालमा ३० हजार येन दिएका थिए ।

अक्टोबर १९ र २० तारिख । आज अक्टोबर १९ तारिखको राती मेरा साथी प्रो० शोयू हानायामा आउनु भई मलाई वहाँको घरमा लैजानु भयो । वहाँसँग पनि १९५२ सालदेखि नै चिनाजानि भएको थियो । त्यसबखत वहाँ सहित अरू साथीहरू अंग्रेजी पढ्ने विद्यार्थी थिए । यिनीहरू ब्रिङ्कूली भन्ने एकजना ब्रिटिश नागरिकसँग टोकियोमा अंग्रेजी पढ्दै थिए । यिनीहरूको ग्रूपमा छजना छन । जस्तै— (१) सातो, (२) सायेकि, (३) मात्सुनामी, (४) इचिमुरा, (५) हानायामा र (६) बन्दो । यी छजना साथीहरूको एक गठ थियो । त्यहाँदेखि प्रो० शोयू हानायामासँग पनि उही नै रूपले आजसम्म मित्रता कायम नै भएको छ । वहाँको घरमा म १९५२ सालमै केही महीनाहरू बसिसकेको थिएँ । वहाँका पिता डा० शिन्सो हानायामा पनि जापानमा सुप्रसिद्ध हुनुहुन्छ । अहिले वहाँ ७७ वर्षका र वहाँकी श्रीमती ७४ वर्षकी हुनु

Downloaded from http://dhamma.digital

भएता पनि वहाँहरू स्वस्थ नै हुनुहुन्छ । मेरा साथी प्रो० शोयू हानायामाका ४ छोरा र १ छोरी छन् । वहाँहरू बाबु छोरा दुवै जना अमेरीकाको क्यालिफोर्नियाको 'बुद्धिष्ट चर्च अफ अमेरीका' भन्ने विहारको प्रधान भइसक्नु भएको छ । शोयू हानायामाकी श्रीमती ताकेओ पनि त्यस्तै नै स्वस्थ तथा मन्दहासिनी हुनुहुन्छ । घरका सबै परिवारहरूसँग भेटेर हामी सबै प्रसन्न भयौं । साथी हानायामाकी जेठी छोरीले मलाई रात्रै सँग चिन्दीरहिछिन् । अहिले उनी एक शिक्षिका छिन् । उनीहरूका घरहरूमा १९७० साल भन्दा यता धेरै परिवर्तन भएको पाएँ । जम्मै अमेरीकन् ढाँचाको बसोबास छ । त्यहाँ मैले स्वचालित आँग मिच्ने कुर्चीमा बसी आँग मिचाइ पनि हेरें । प्रो० हानायामाले आज राती मलाई ५० डलर दक्षिणा दिनुभयो ।

भोलिपल्ट बिहान सबेरै बिहानको खाना सबैलाई श्रीमती हानायामाले खुवाइन् र केटाकेटीहरू आ-आफ्ना दिउसोको खानाको पोको लिंदै स्कूलहरूमा गए । साथी हानायामा पनि आफ्नो विश्वविद्यालयमा हेंडबैग एक लिई दौडेर गए । बुढाबुढी र म घरमा बितेका दिनका सम्बन्धको बारेमा प्रीति सम्बन्धी कुराकानी गरी बसिरह्यौं । जापानीहरू बिहान सबेरैको खाना र रातीको खाना पेटभरी खान्छन् । दिउँसो खाने खाना हल्का हुन्छ । अनि दिउँसोको खाना खाइसकेपछि १।३० बजेतिर बाबु र बुहारी सहित आई मलाई पुऱ्याउन आउनु भयो । टैक्सी ड्राइभर चाहिं वहाँहरूकै टोलमा बस्ने रहेछ । मेरो बारेमा कुरा सुनेर ड्राइभर निक्कै प्रभावित भएको रहेछ । अनि डा० हानायामाले मेरो फोटो एक मागी ड्राइभरलाई दिनुभयो । उनलाई के दिऊँ के दिऊँ

Downloaded from http://dhamma.digital

जस्तो लागेर झोलीमा खोज्दा थाइलैण्डको एक स्यानो बुद्धरूप पाँए र सोही मूर्ति ड्राइभरलाई दिएँ। यी ड्राइभर यति श्रद्धालु रहेछन् कि प्रो० हानायामाले लेख्नु भएका किताबहरूमध्ये बुद्धधर्मको एक स्यानो पुस्तक १० हजार प्रति किनेर निःशुल्क मानिसहरूलाई बाँडिदिएका रहेछन्। यिनकै आफ्नै खुशीले टोकियोमा हालसालै कामाकुरामा जस्तै खुला आकाशमा बनाइएको बुद्धरूप भएको एक स्यानो थुम्को माथि बनाइएको एक नयाँ विहार पनि देखाउन लगे। यो स्थान देखेर हामी सबै मुग्ध भएका थियौं। "डा० हानायामा आएका छन्" भन्ने कुरा सुन्नेबित्तिकै विहारका प्रमुख भिक्षु आई स्वागत गर्न आए। त्यहाँ केही बेरसम्म गफ गरिसकेपछि हामीहरू फर्क्यौं। अनि मलाई विहारका प्रमुखले एक सुन्दर बुद्धमूर्ति उपहार दिनुभयो। करीब ४।३० बजेतिर मलाई विहारमा पुऱ्याई वहाँहरू फर्कनु भयो।

**अक्टोबर २१ तारिख।** आज टो० मित्सुशिमा प्रोफेसरद्वारा एक ठाउँमा प्रवचनको प्रबन्ध गरिएको थियो। तर त्यो कुन ठाउँमा हो भन्ने कुरा मलाई राम्रोसँग थाहा थिएन। महेन्द्रकाजीलाई थाहा थियो। अनि १।३० बजेतिर महेन्द्रकाजी मकहाँ आयो। हामी त्यो ठाउँ खोज्दै गयौं। त्यो ठाउँ विश्वविद्यालयका अतिथी प्रोफेसरहरू बस्ने होटेल रहेछ। त्यहाँ प्रो० मित्सुशिमाले केही प्रोफेसरहरूलाई बोलाएका रहेछन्। त्यसै सभामा आउने मासाय ओयाबु भन्ने भिक्षुले लुम्बिनीको निमित्त भनी २० हजार येन भएको एउटा खाम मलाई दिए। जो काठमाडौं आइसके पछि लुम्बिनी विकास समिति, बबरमहललाई पठाइ सकेको छु। अनि त्यहाँ करीब १२ जना जति प्रोफेसरहरू भेला भएपछि

Downloaded from http://dhamma.digital

नेपालको बारेमा मलाई दुइशब्द बोल्न अनुरोध गरे । मैले नेपालको बारेमा परिचय दिंदै लुम्बिनी विकासको कुरा ल्याएर बिसाएँ । त्यसपछि प्रश्नहरूको उत्तर दिएँ । त्यसपछि अर्का प्रोफेसरले मंगोलिया भ्रमणको बारेमा स्लाइडहरू देखाए । त्यसपछि प्रो० मित्सुशिमाले लुम्बिनीको लागि यथाश्रद्धा दक्षिणा भनी कागजको एक बंग लिएर घुम्नु भयो । प्रोफेसरहरूले आ-आफ्नो गच्छे अनुसार राखिदिए । पछि सो कागजको बंग मलाई दिए । त्यसमा जम्मा १० हजार ५ शये येनहरू थिए । जुन काठमाडौं आइसके पछि मैले लुम्बिनी विकास समिति, बबरमहललाई बुझाइदिएँ ।

त्यसपछि वहाँले मलाई वहाँको गाऊँ कारुइ जावामा रेलबाट लैजानु भयो । जापानमा कारुइ जावा भन्ने ठाउँ धनीमानीहरू बस्ने ठाउँ हो । भनौं भने भारतको शिम्ला वा दार्जिलिङ्ग जस्तो आराम लिनजाने ठाउँ रहेछ । यहाँ गर्मी ऋतुमा सरकारीया हाकिमहरू पनि केही दिनको लागि बस्न जाँदा रहेछन् । यी मित्सुशिमाज्यूको त्यहाँ आफ्नै घर र आफ्नै एउटा होटेल पनि रहेछ । कारुइ जावामा घर हुने व्यक्ति भन्नेबित्तिकै जापानी समाजमा उनी 'धनी' हुन् भन्ने प्रभाव पर्दो रहेछ । हामी त्यहाँ ३ घण्टाको रेल यात्रा पछि पुग्यौं । समुद्रको सतहबाट ३ हजार मीटर अग्लो ठाउँमा कारुइ जावा स्थित छ । जतातते पहाडहरूको दृश्य देखिन्छ ।

**अक्टोबर २२ तारिख** । आज दिवाभोजन पछि त्यस नगरको प्रसिद्ध 'आसामा' ज्वालामुखी पहाडको आसपासमा दृश्यावलोकन

Downloaded from http://dhamma.digital

गरियो । 'आसामा' ज्वालामुखी पहाड त्यसदिन सफा देखिएको थियो र धुँवा निस्किरहेको देखिन्थ्यो । जापानमा यस्ता ज्वालामुखी पहाडहरू तथा तातापानीका स्थानहरू धेरै छन् । यिनीहरू मध्ये सबभन्दा नामी ज्वालामुखी पहाड चाहिं 'फूजी' पहाड हो । यो फूजी पहाड जाडो समयमा टोपी लगाएको जस्तो पहाडको माथिल्लो भाग हिउले ढाकेको हुने भएको हुनाले अति सुन्दर देखिन्छ ।

**अक्टोबर २३ तारिख ।** आज कारुइ जावा रोटरी क्लबमा बिहानको ११।३० बजे एक छोटो व्याख्यान दिएँ । जसको जापानी अनुवाद महेन्द्रकाजी शाक्यले गरेको थियो । भाषण सुनेर अंग्रेजी बुझ्ने दुइचार जना रोटरी क्लबका सदस्यहरूले धन्यवाद दिए । त्यसपछि हामी ५ बजेको गाडीमा बसेर टोकियो फर्क्यौं । फर्कनु भन्दा अघि हामी त्यो स्थानमा गएका थियौं जुन ठाउँ दुइ जिल्लाको सिमाना थियो । त्यस ठाउँमा एक देउताको मन्दिर रहेछ र वर्षको एक पटक सो देउताको जात्रा हुँदोरहेछ । त्यो जात्रा हुँदा दुबै जिल्लाका मानिसहरू नआएसम्म चल्दो रहेनछ ।

**अक्टोबर २६ तारिख ।** आज ३।३० बजे टाइशो विश्वविद्यालयका प्रो० इचिशिमाज्यू आउनु भई मलाई वहाँको विश्वविद्यालयमा लैजानु भयो । त्यहाँ अन्तरराष्ट्रिय विद्यार्थी यूनियनमा मैले वक्तव्य दिनुपर्ने कार्यक्रम बनाइराख्नु भएको थियो । विश्वविद्यालयमा पुगेपछि सर्वप्रथम वहाँले मलाई वहाँको अध्यक्षसंग परिचित गराइदिनु भयो । पछि बौद्ध पुस्तक संग्रहालयमा लगी देखाउनु भयो । कंज्यूर तंज्यूरको

Downloaded from http://dhamma.digital

पनि संग्रह रहेछ । त्यसपछि समय भएपछि एक शालामा लैजानु भयो र भेला भएका विद्यार्थीहरूलाई र केही उपस्थित प्रोफेसरहरूलाई मेरो परिचय दिनुभयो । अनि मैले उपस्थित पात्रहरूलाई ठीक हुने गरी नेपालको परिचय बौद्ध दृष्टिकोणबाट सुनाएँ । प्रश्नोत्तरको समयमा लुम्बिनी विकासको कुरा निकाल्नु त आफ्नो लक्ष नै थियो । यसको अलावा कपिलवस्तुको बारेमा पनि केही चर्चाको सूत्रपात भयो । मैले वहाँहरूलाई नेपालमा अहसम्म विश्वले थाहा नपाएका धेरै संस्कृत बौद्ध ग्रन्थहरू सुरक्षित छन् भनी भनें । ठूला ठूला सभामा भाषण दिनु भन्दा यस्तै गरी स्याना स्याना ग्रूप तर आधिकारिक सज्जनहरू भएको ग्रूपलाई केही कुरा सुनाउनु नै बढी फलदायी हुन्छ । किनभने उनीहरू-लाई प्रतीत गराएको कुरा उनीहरूले आफ्नो लेक्चरहरूमा आफ्ना विद्यार्थीहरूलाई सुनाउँछन् र पत्रपत्रिकामा पनि छाप्छन् । भेटघाट ज्यादै राम्रो र फलदायी भएको कुरा उनीहरूको चेहरा र वचनबाट थाहा पाउन सकिन्छ । अन्त्यमा जापानी शिष्टाचार अनुसार दक्षिणा भएको एउटा खाम हातमा राखी दिए । त्यसमा २० हजार येन थियो । त्यहाँबाट केही खान-पानको लागि लगे ।

**अक्टोबर २७ तारिख** । आज दिवाभोजनार्थ नियमित भोज-नालयमा जाँदा विहारकी सेविका बुढी आमाले तीनवटा खामहरू दिइन् । खाम खोली हेर्दा एउटामा ३० हजार येन र अर्का दुइबटामा ४० हजार येन थियो । एउटा खामको दक्षिणा चाहिं म बसेकै साथी बन्दोकहाँ आउने उपासिकाहरू मिलेर दिएका थिए । त्यसदिन विहारको वार्षिक उत्सव थियो । बिहानदेखि रातिसम्म विहारमा घुइँचो थियो ।

Downloaded from http://dhamma.digital

म पनि विहारमा गई पूजापाठ तथा स्लाइड देखाएको हेर्न गएको थिएँ। अर्का दुइवटा खामका पैसा चाहिं कस्ले पठाएको भन्ने कुरा थाहा पाउन सकिन। खाममा चाहिं पठाउनेको नाम सहित समूह भन्ने लेखेको थियो। यो कुरा भोलिपल्ट साथी हानायामासँग केही विषयमा फोनमा कुरा गरिरहेको बेलामा वहाँले "तपाइलाई गाडीमा राखी ल्याएको ड्राइभर र उनले आफ्ना नाताकुटुम्बहरूसँग उठाइ पठाएको दुइवटा पैसाको खाम पाउनुभयो के ?" भनी सोध्नुभयो। अनि आश्चर्यमानी "पाएँ र उनलाई धन्यवाद दिइदिनु होस्" भनी भने।

आज साँझ साथी बन्दो चाइनाको १३ दिने भ्रमण पूरा गरी टोकियो आउनु भएको थियो। वहाँलाई भेटना साथ सबभन्दा पहिला मैले वहाँसँग चाइनिज बुद्धिष्ट एसोशियेशनका उपाध्यक्ष श्री चाउ-पो-चू को बारेमा सोधें। वहाँले "उनले र मिष्टर लीले तपाइलाई धेरै धेरै सोधेका छन्" भनी भन्नुभयो। त्यसपछि श्री चाउ-पो-चू लौरोटेकी बसिरहेको र श्री ली उभिइरहेको फोटो हेर्न पाउँदा मलाई सारै सारै खुशी लागेको थियो। किनभने कल्चरल रिभोल्यूशन हुँदा श्री चाउ-पो-चूलाई मारिसके भन्ने हल्ला सुनेको थिएँ। वहाँ मारिनु भएको त रहेन छ तर बिसञ्चको कारणले गर्दा वर्षौंसम्म अस्पतालमा चाहिं बस्नु भएको रहेछ।

**अक्टोबर २८ तारिख।** आज दिउँसो जापानी भाषाको बुक्क्यो टाइम्सका सम्पादक श्री केन् यामागुचि आएर लुम्बिनीको बारे केही कुरा सोधपूछ गरेर जानुभयो। वहाँले हाल टोकियोमा भएको

Downloaded from http://dhamma.digital

बौद्ध सम्मेलनको बारेमा मलाई कस्तो लाग्यो भन्ने कुरा पनि सोध्नु भएको थियो । मैले यस्बारेमा "प्रत्येक २ वर्षमा सम्मेलन बोलाउने गर्नाले विश्व बौद्धहरूको धनको अपव्यय हुन गएको छ । किनभने सम्मेलनको लागि जति पैसा खर्च गरिन्छ । त्यस अनुसार फलदायी नभएको र बरु त्यति पैसा अरू कुनै रचनात्मक काममा लगाएको भए बढी प्रतिफल हुने थियो । अतः २ वर्षको सट्टा ४।४ वर्षमा सम्मेलन बोलाइनु बेश हुने छ" भनी भनें । यो पनि भनें कि सम्मेलनहरूमा जति प्रस्तावहरू पास भएका छन् त्यसको अनुपातमा एक दुइवटा काम बाहेक अरू केही भएको देखिदैन । केवल शोभाको लागि कागजमा मात्र लेखिएको देखिन्छ ।

आजको रात्री खाना मेरा साथी श्रीमती आकिको यामामोटोले खुवाउने कार्यक्रम अनुसार महेन्द्रकाजीसँग हामीहरू टैक्सीमा बसी निर्धारित ठाउँमा गयौं । त्यहाँ वहाँको पति आएर हामीलाई 'जिगुमाए शिबुयाकु' भन्ने ठाउँतिरको एक चाइनिज रेष्टोरेण्टमा लैजानु भयो । अलि अलि पानी पर्दै थियो । त्यहाँ श्रीमती आकिको वहाँकी छोरीसँग पर्खिरहनु भएको थियो । महेन्द्रकाजीलाई वहाँले आफ्नी छोरीको परिचय गराइदिनु भयो । मलाई त उनी चिन्दथिन् । पछि खाना शुरु भयो । एक प्रकार पछि अर्को प्रकार खाना घुमाउने गोल टेबुलमा खाना आउन थाल्यो । खानामा मलाई नियन्त्रण गर्न पर्दथ्यो । केवल शिष्टाचारको नाताले साथीको वचनलाई टार्न नसकेर मात्र गएको थिएँ । भेटघाट र खानपान अति राम्रो वातावरणमा सिद्धियो । त्यसपछि वहाँहरूले हामीलाई आफ्नो घरमा लैजानु भयो र वहाँका

Downloaded from http://dhamma.digital

वृद्ध आमा बाबुहरूसँग भेटघाट गराइ दिनुभयो । वहाँका आमा बाबुहरू-सँग पनि मेरो परिचय अघिदेखि नै थियो । भेटघाट भएर परस्पर हामी अति हर्षित भयौं र केही छिन पछि विहारमा फर्केर आयौं ।

विहारमा आइसके पछि साथी बन्दोसँग चीनको यात्रा सम्बन्धी कुरा सुन्न पुगेको थिएन । अतः रातको १२।३० सम्म कुरा चल्यो । अन्तमा वहाँले सोभिनियरको लागि एउटा टाइपराइटर किन्ने कुरा निकाल्नु भयो । वहाँले मेरो चिट्ठीको टाइप राम्रो छैन भन्ने जस्तो कुरा पनि गर्नुभयो । मैले भनें मलाई केही पनि चाहिन्न । के चाहनु हुन्छ भन्नुहोस् भनी जिद्दी गरे पछि विहारको सेक्रेटरीले टेपरिकर्डर एउटा भए हुन्थ्यो भनी पत्र लेखेर पठाएका छन् भनी भनें । अनि वहाँले "त्यसो भए भोलि बिहान हेर्न जाऔं" भनी भन्नुभयो । 'बुद्धिष्ट सेक्ट इन् इण्डिया' भन्ने पुस्तक आज पढी सिध्याएँ ।

अक्टोबर २६ तारिख । आज बिहान हामी टेपरिकर्डर हेर्न उवेनो स्टेशननिर टैक्स फ्री पसलमा गयौं । मलाई त यस्तो विषयमा ज्ञान पनि छैन ध्यान पनि छैन । अन्तमा एउटा ठिक्क साइजको ट्राँजिष्टर पनि टेप पनि भएको हिताची कम्पनीको लिइदिनु भयो । तल्लो तलामा आई पसलमा हेरी वहाँले हिसाब गर्ने पाकेट सिलेट एउटा पनि मलाई लिइदिनु भयो । अरू पनि मालसामानहरू देखाउनु हुनुहुन्थ्यो म चाहीं चाँडै चाँडै पसलबाट बाहिर निस्किहालें ।

आज दिउँसो म बस्ने विहारमा दलाईलामाज्यूको जेठो दाज्यू श्री थुब्तेन् जे नोर्बू मलाई भेटन आउनु भएको थियो । हुन त वहाँले

Downloaded from http://dhamma.digital

मलाई वहाँका परिवारका साथ एक छाक भोजनको निम्ति निम्त्याउनु भएको थियो। तर म चाहिं वहाँकहाँ जान सकिन। त्यसैले नै वहाँ आउनु भएको हुनुपर्छ। हाम्रो चिनाजानी धेरै वर्ष अघिदेखिको हो। कतिपय वर्ष आनन्दकुटी विहारमा आउनु भएका श्री ताकाजावा पनि आउनु भएको थियो। नेपालबाट आइसक्नु भएपछि वहाँले जापानीहरू-लाई नेपाली पढाउने एउटा पुस्तक पनि लेख्नु भएको रहेछ जुन पुस्तक मलाई एक प्रति दिनुभयो। यो किताब देखेर म सारै प्रसन्न भएँ। अनि साँझपख अर्का एक पुराना साथी भिक्षु साकुराई वहाँका छोरा र छोरी-हरू लिई भेटन आउनु भयो। वहाँले वर्षौं अगाडि लेख्नु भएको एक पुस्तकमा मेरो बारेमा लेख्नु भएको छ।

बन्दो परिवारहरूले आज राति आपसमा बिदाइपार्टी भोजको आयोजना गर्नु भएको रहेछ। यो कुरा मैले—जब बन्दोज्यूले हाम्रा साथी प्रो॰ हानायामालाई टेलिफोनमा निम्त्याइरहनु भएको कुरा सुनें तब मलाई थाहा भयो। अनि समय भएपछि मलाई बोलाउन आए। त्यस पारिवारिक विदाइ पार्टीमा विहारका प्रमुख काञ्जो बन्दो वहाँको पुत्र बन्दो र बुहारी, महेन्द्रकाजी शाक्य तथा विहारका अरू व्यक्तिहरू थिए। भोज बडो रमाइलो वातावरणमा भयो। त्यस समारोहमा एउटा कुराले मलाई प्रभावित पाऱ्यो। त्यो हो त्यस टेबुलमा विहारको मालिकदेखि नोकर नोकरानीहरू पनि 'स्यानो ठूलो वा मालिक नोकर' भन्ने भेदभाव नराखी आ-आफ्ना ठाउँमा बसी खाना खाइरहेका थिए। जापानीहरूको संस्कृति अनुसार त्यस भोजमा सबभन्दा 'साके' जापानी रक्सी त्यहाँ बसेकी उमेरमा सबभन्दा स्यानी विहारकी सेविकाले पिई

Downloaded from http://dhamma.digital

होली । यसरी बडो प्रीतिमय वातावरणमा विदाइ भोज भएको थियो । अनि १२ बज्न लागिसके पछि मैले भोजबाट विदा मागी भोजको अवशान गर्दै सबैलाई आशिर्वाद सूत्रपाठ गरी सम्मान र सत्कारको लागि विहारका प्रमुख भिक्षु कञ्जो बन्दो सहित सबैलाई धन्यवाद ज्ञापन गरें ।

## टोकियोबाट होंगकोंग

अक्टोबर ३० तारिखको दिन । बिहान ५ बजे टेबुलघडीको घण्टी बज्नासाथ उठेर मुख-सुख धोएँ । अनि एक एक कप कफी पिएँ । बिहान ८।३० बजेको रेलद्वारा उवेनो स्टेशनबाट नारिता हवाइअड्डामा जान पर्ने भएको हुनाले हतार हतार गरी विहारका सबै मित्रहरूसंग बिदा लिएँ । बाहिर आइसके पछि साथी प्रो० बन्दोले स्मरणको लागि सबै बसेर एक फोटो लिनुभयो ।

उवेनो रेल स्टेशनबाट प्रत्येक आधा आधा घण्टाको फरकमा सीधा नारित्ता हवाइ ग्राउण्ड जाने ननस्टप रेल छ । त्यहाँबाट नारिता-लाई ठीक १ घण्टा लाग्छ र रेलभाडा २००० येन हो । मेरा साथी प्रो० बन्दो, उनकी श्रीमती सुमिए र महेन्द्रकाजी शाक्य नारितासम्म आएका थिए । हवाइजहाज उडने समय १०।४५ थियो । रेलबाट ओर्लिने बित्तिकै त्यहाँका कर्मचारीहरूले बैगेजहरू चेक गरे र हातमा लैजाने सामान मात्र साथमा लिई प्रतीक्षामा बसिरहेको बसमा चढी

Downloaded from http://dhamma.digital

रेलवे स्टेशनबाट मुख्य हवाइ ग्राउण्डतिर गएँ । यति जानलाई ३ मिनेट-भन्दा बढता लागेन होला । त्यहाँ थाइ इन्टरको आफिसमा गई लाइनमा बसी टिकट चेक गराइसकेपछि सिक्युरिटी जाँच गराउनुभन्दा अगाडि बैंकमा गएर आफूमा बाँकी रहेका भएभर जम्मै येन दिएँ । २ लाख ६ हजार ८ शय चानचुन येन रहेछ । त्यसको बदलामा १ हजार १ शय २९ डलर पाएँ । जस्तै म अघि आनन्दकुटी विद्यापीठको वृद्धिको लागि काम गरिरहेको बेलामा मेरो भिक्षा-पात्रमा पाइने दक्षिणा वा अरू वस्तुहरू जम्मै विद्यापीठलाई दिने गर्थें त्यस्तै गरी अहीले मेरो लक्ष आनन्दकुटी विहार गुठी रहन गएको छ । साथीहरूसँग बसी एक एक कप कफी पिएँ । त्यसपछि वहाँहरूसँग बिदालिई म एक्लै सिक्युरिटी जाँच गराई प्रतीक्षालयमा आई बसें । सिक्युरिटी सम्बन्धी कर्मचारीले हातमा लिइराखेको यन्त्रद्वारा आँङभरी छुवाएर हेर्दा आवाज आएपछि खल्तीमा भएका जम्मै वस्तुहरू झिक्न लगाए । नङ्ग काट्ने कैंची र केही धातुका पैसाहरू थिए । कुनै पनि धातु पदार्थ आङमा भए त्यो यन्त्रले पत्ता लगाइ दिन्छ । अनि ठीक १०।४५ मा थाइ इन्टर उड्यो । हवाइजहाज भित्र आठ शीटको लाइन थियो । अनि केही घण्टा उडिसकेपछि फोर्मोसाको समय अनुसार दिनको १ बजे टाइपेमा हवाइजहाज ओर्ल्यो । १।५० बजे त्यहाँबाट उडी होंगकोंगको समय अनुसार होंगकोंगमा ३।२५ बजे हवाइजहाज ओर्ल्यो ।

साथमा दुइवटा स्याना स्याना हाते बैगहरू थिए । हृदय रोगको कारणले गर्दा गरुँगोचीज उचाल्न नहुने भएको हुँदा ती दुवै बैगहरू लैंगेजमा दिएको थिएँ । सबै यात्रीहरू ६०१ नम्बरको स्वचालित लैंगेज

Downloaded from http://dhamma.digital

आउने ठाउँलाई घेरी उभिइरहे। म पनि छाता टेकी एक ठाउँमा उभिइरहें। सामान बोकेर लैजान गहारो पर्ने हुनाले मैले पनि घच्याडेर लैजाने ट्रलर एक लिएँ। स्वास्थ्य ठीक भएको भए त्यति सामान आफैंले काँधमा राखी लैजान सक्ने थिएँ। अलिकता मात्र हतारोगरी हिंडन पर्दा मुटु फुट्ला जस्तो हुन्थ्यो र साँस फेर्न अति गहारो हुन्थ्यो। त्यसैले सामानहरू लगेजमा दिएको थिएँ। करीब आधाघण्टा जति पछि मेरो सामान देखापर्‍यो। सामानहरू लिएँ। ट्रलरमा सामानहरू राखी बिस्तारै घच्याडी कष्टममा गएँ। त्यसपछि बाहिर आएपछि आ-आफ्ना मानिसहरू लिन आएका लाइनमा बसी पर्खिरहेका मानिसहरूको बीचबाट हात हल्लाएको देखें। अनि मलाई लिन आउनु भएका मेरा साथी भिक्षु सिक्-विंग-सिंग् अगाडि आउनु भयो र अर्का साथीले सामानहरू लिनु भयो। यसै बीच श्री शाहजी पनि हाँस्दै अगाडि आउनु भयो र नमस्कार गर्नुभयो। अनि बिस्तार बिस्तार गरी बाहिर गाडी पर्खिरहेको ठाउँमा आइपुगें र शाहजीसँग बिदालिई म साथी भिक्षुको मोटरमा बसी वहाँको सेक्रेटरी अनुवादक भिक्षुसँग कुरा गर्दै वहाँको बोधिशिक्षा सोसाइटीको केन्द्रस्थान 'वेष्ट मोनेष्टरीमा' आएँ। अँ ! मोटरमा बस्न लाग्दा श्री शाहजीले केही खर्च-बर्च गर्न पर्ला भनी होंगकोंग डलर २०० हातमा राखिदिनु भयो। होंगकोंगमा आइसकेपछि साथी भिक्षुज्यूले भिक्षुहरू बस्ने नवौं तलाको फ्लाटको एक कोठा मेरो निमित्त ठीक पारिराखनुभएको थियो। केही छिन वहाँसँग कुशलवार्ता गरिसकेपछि कोठामा गएर आराम लिएँ।

होंगकोंगमा आइपुगेपछि १९७० साल भन्दा यता देखा परेको

Downloaded from http://dhamma.digital

परिवर्तन भएको छ । देखें भने १९७० मा आउँदा कोलुंगबाट होंगकोंग जानको निमित्त फेरी बोटमा बसेर जानपर्थ्यो भने अहिले चाहिं पानी मुनि बाट सुरुंग जस्तो मोटर जाने बाटो बनाइएको हुनाले फेरी-बोटमा चढ्नु परेन । होंगकोंगको शहरमा पनि १९७० सालमा नभएका धुलका सडकहरू अनेकों ठाउँहरूमा बनेका देखें । होंगकोंग तीनै पट्टि समुद्रले घेरेको छ र एकापट्टि मात्र पहाडहरू छन् ।

## होंगकोंग-बौद्ध भिक्षुहरूको क्रियाकलाप

अक्टोबर ३१ तारिख । आज यहाँ विहारमा बिहान देखि पूजा-पाठ थियो । उपासक र उपासिकाहरू आई चीनी भाषामा सूत्रपाठ गरिरहेका थिए । भिक्षुहरूले पनि घण्टी र ढोलक बजाई सुमधुर लयमा सूत्रपाठ गरिरहनु भएको थियो । म पनि एक क्षेत्रमा बसेर सुनिरहेको थिएँ । स्वर र तालमा सूत्रपाठ गरिरहेको सुन्न पाउँदा मनमा आनन्दको अनुभव हुन्थ्यो । पाठ सिद्धिएपछि सबै भिक्षुहरूलाई दाताहरूले दक्षिणा हालेको रातो खाम एक एक दिए । त्यस विहारमा चारजना भिक्षुहरू थिए । त्यस खाम भित्र होंगकोंग डलर २० थियो । मैले पनि सो खाम पाएँ । अपराह्न समयमा भिक्षु सिक्-चिंग् सिंग्सँग मेरा पुराना साथी भिक्षु को-क्वांग्सँग शिष्टाचार भेट गर्न गएँ । वहाँ होंगकोंग बुद्धिष्ट एसोशियेशनका अध्यक्ष हुनुहुन्छ । होंगकोंग बुद्धिष्ट एसोशियेशनले होंगकोंगमा अति प्रशंसनीय रचनात्मक सामाजिक सेवा कार्य गरिरहेको छ । यो एसोशियेशनले ९ तले एक विशाल अस्पताल बनाएको छ ।

Downloaded from http://dhamma.digital

जसमा ३५० खाटहरू छन् र यो बनाउनको निमित्त १५ मिलियेन अर्थात् १ करोड ५० लाख होंगकोंग डलर लागेको थियो । १० वर्षमा यो अस्पताल तयार भएको हो । त्यस्तै गरी यो एसोशियेशनले होंगकोंगमा बौद्ध कलेजहरू, हाइस्कूलहरू, प्राइमरी स्कूलहरू, ५०० जवान बुढा-बुढीहरूलाई बसोबास गर्ने घरहरू र चिहान पनि बनाएको छ । विहारमा फर्किसके पछि राति भिक्षु सिक्-विग्-सिग्को मनमा के आयो कुन्नि मलाई कोठामा बोलाई वहाँले मलाई यू० एस० डलर ५० हातमा राखिदिनु भयो ।

नवेम्बर १ तारिख । बिहानको जलपान सिद्धिएपछि साथी भिक्षुज्यूले मोटरमा हाली न्यूटेरिटोरीमा बनाइरहनु भएको आफ्नो एक नयाँ विहार देखाउन लैजानु भयो । त्यस स्थानमा तीनजना भिक्षुहरू थिए । ठाउँ अति रमणीय तथा शून्य थियो । माझमा एक भव्य बुद्ध मन्दिर तयार गरिसक्नु भएको रहेछ । वरिपरि अरू घरहरू पनि छन् । भविष्यमा बनाउने योजना भएका ठाउँहरू पनि देखाउनु भयो । विशेष गरी यो स्थान ध्यान-भावना गर्नेहरूको निमित्त अति उपयुक्त छ । वहाँले प्राइमरी र हाइस्कूलहरू बनाई संचालन गरिरहनु भएको छ । "राँग् लुम् होम फोर द एज" भन्ने वृद्धनिवास स्थानको पनि वहाँ संस्थापक हुनुहुन्छ । त्यसपछि त्यहाँबाट हामीहरू 'मिउ फयाट् बुद्धिष्ट विहार' हेर्न गयौं ।

'मिउ फयाट् बुद्धिष्ट विहार' का प्रमुख भिक्षु—'सिक्-साइ-छुन्' ले मलाई धेरै वर्ष अघिदेखि चिन्नुहुँदो रहेछ । मुख देखेपछि मैले पनि

Downloaded from http://dhamma.digital

वहाँलाई चिनें। वहाँ होंगकोंग बुद्धिष्टसंघ एसोशियेशनका अध्यक्ष हुनुहुन्छ। वहाँको विशाल कम्पाउण्डभित्र एक विशाल हाइस्कूल छ। जसको सुपरभाइजर वहाँ नै हुनुहुन्छ। वहाँ 'नेंग्-यान्' बुद्धिष्ट कलेज र 'नेइ-मिंग्' बुद्धिष्ट इन्स्टिच्यूटको पनि सुपरभाइजर हुनुहुन्छ। वहाँको विहारमा ३०।३५ जना भिक्षुहरू छन्। वहाँ केही वर्षदेखि एक अत्यन्त भव्य बुद्ध विहार बनाउँदै हुनुहुन्छ। जुन विहारको बाहिर भित्तामा थाइ बौद्धकला अनुरूप मुजाइकहरू चित्रित छन् र बिभिन्न बौद्ध देशका कला पनि बाहिरी भित्तामा अंकित छन्। मन्दिर भित्रको समुचित भित्तामा बुद्धसँग सम्बन्धित विभिन्न चित्रहरू अंकित छन्। यसमा चाइनिज भाषाको साथै अंग्रेजी भाषामा पनि प्रत्येक चित्रको परिचय लेखाउनु भएको छ। भित्तिचित्रको अलावा १० हजार बुद्धका स्याना स्याना मूर्तिहरू पनि भित्तामा टाँसिएका छन्। मन्दिर भित्र एक ठूलो शालाको माथितिर जम्मै ऐनाका टुक्राहरू जडान गरी झिलि र मिली पारिएको छ। यही हलमा हामीहरूको दिवाभोजन भयो। शायद हाम्रा अनुवादक भिक्षुज्यूले वहाँलाई के भन्नुभयो कुन्नि भोजनपछि त्यस विहारको प्रमुख भिक्षु सिक्-साइ-छुन्ले एक स्यानो टेपरिकर्डर दिनुभयो। मलाई भेटेर वहाँ जति प्रफुल्लित हुनुभयो उत्ति नै म पनि वहाँसँगको मित्रताको गाँठो बलियो पार्न पाउँदा प्रफुल्लित भएको थिएँ। होंगकोंग जाने कुनै पनि यात्रीहरूले यो विहार अर्थात् 'मिउ फ्याट् बुद्धिष्ट विहार' हेर्न लायक छ। यो विहार पनि न्यूटेरिटोरीमा अवस्थित छ। त्यहाँबाट विदावादी भई निस्केर मेरा साथी भिक्षुका एक साथी भिक्षुकहाँ जान परेको हुनाले हामीहरू वहाँसँगै वहाँका साथी

Downloaded from http://dhamma.digital

भिक्षुको घरमा गयौं । वहाँको घरमा पुराना पुराना कौतुक वस्तुहरूको संग्रह अति मनोरम्य थियो । त्यहाँ बस्ने केही भिक्षुणीहरूले हामीहरूलाई दक्षिणा भएको रातो खाम एक एक वटा प्रदान गरे । त्यसभित्र १५ होंगकोंग डलर थियो ।

अन्तमा साँझपख बस्ने ठाउँ बोधिशिक्षा सोसाइटीको विहारमा आइपुगें । अनि हातमुख धोई कोठामा आराम लिन गएँ । राति साथी भिक्षु कोठामा आउनुभई एक नाडीघडी दिनुभयो । शायद वहाँले मेरो हातमा घडी नदेखेर दिनु भएको होला । मैले वहाँलाई भनें—

"म नाडीघडी लगाउन्न र मलाई चाहिन्न पनि । मसँग पाकेट घडी छ ।"

वहाँले—"होइन लिनुहोस्" भनी जिद्दी गर्नुभयो । अनि मैले भनें—

"यदि तपाइ नाडीघडी दिन चाहनुहुन्छ भने बरु मेरो विहारको भान्सेनीलाई एक स्यानो नाडीघडी दिनुभए बेश हुने छ ।"

यो सुनेर वहाँले "त्यसोभए यो पनि लिनुहोस्, तपाइलाई नचाहेमा अरू कसैलाई दिनुहोस् र तपाइको भान्सेनीलाई पनि अर्को नाडीघडी ल्याइदिनेछु" भन्नुभयो र केही छिन् पछि घडी पनि ल्याइदिनु भयो । यसै दिन शिष्टाचार अनुरूप श्री शाहजीको आफिसमा पनि गएको थिएँ ।

Downloaded from http://dhamma.digital

## होंगकोंगबाट बैंगकोक

नवेम्बर २ तारिख । आज बिउँसो होंगकोंग छाड्ने भएकोले बिहानदेखि नै सामान ठीक-ठाक पारी राखें । बोधिशिखा सोसाइटी विहारका केही उपासिकाहरू मिली बिदाइ दिवाभोजनको आयोजना गरेका रहेछन् । अनि दिनको १२।३० बजे नजिकैको एक नामी चाइनिज रेष्टोरेन्टमा भोजन गर्न जानको निमित्त हामी तीन भिक्षुहरू गयौं । रेष्टोरेन्टको एक कुनामा गोल टेबलमा विहारका १२ जना उपासिकाहरू बसिरहेका थिए । हामीहरू पुग्नेबित्तिकै सर्वप्रथम हातमुख पुछ्नको निमित्त तातो रुमाल ल्याइदिए । त्यसपछि अनेक शाकाहारी खाना शुरु भयो । एकपछि अर्को गरी करीब १२।१३ प्रकारका खानाहरू ल्याए होलान् । खानाभन्दा पनि खाना सजाएर ल्याएको ढाँचालाई बिगार्न पर्दा चित्तदुख्ने जस्तो लाग्दथ्यो । भोजन सिद्धिएपछि उपस्थित उपासिकाहरूलाई अनुमोदन सूत्र-पाठ पढेर सुनाएँ । अनि सबैसँग बिदा लिएर थाँक थाँक विहारमा फर्कें ।

विहारको अगाडि सडकमा गाडी पर्खिरहेको देखें । साथी भिक्षुज्यू र अनुवादक भिक्षुज्यूका साथ दुइवटा हाते बैग लिएर बाहिर आई गाडीमा सामान राखियो । किन्तु गाडी स्टार्ट नै भएन । सबै आत्तिए । गाडीबाट सामान पनि झिकियो । त्यतिन्जेलसम्म ड्राइभरले नजिकैको एक वर्कसप्‌बाट ब्याटरी ल्याई गाडी स्टार्ट गऱ्यो । गाडी स्टार्ट भयो । गाडीमा पुनः सामान राखियो । अनि एयरपोर्टतिर गाडी दगुऱ्यो । एयरपोर्टमा पुगेपछि म लाइनमा उभिएँ । टिकट चेक गराउने

Downloaded from http://dhamma.digital

काम सिद्धिनुभन्दा अगावै साथी भिक्षु सिक्-विग्-सिग्को अन्त कतै जानु पर्ने भएकोले वहाँ बिदा लिएर जानुभयो। अनुवादक भिक्षुज्यू साथमा बस्नुभयो। टिकट चेकिंगको काम सिद्धिएपछि अनुवादकज्यूसँग बिदालिई म एक्लै सिक्युरिटी भित्र पसें। त्यहाँ हातमा भएको ट्राँजिस्टरको बट्टा समेत खोलेर हेरी पुनः प्याक गरिदियो। अनि प्रतीक्षालयमा गई बसिरहें। थाइ इन्टर हवाइजहाज उडने समय ४।४५ बजे थियो। समय भयो। एनाउन्स गऱ्यो। हवाइजहाजभित्र पसेर निर्धारित शीटमा बसें र बैंगकोकको समय अनुसार बेलुकी ६ बजे बैंगकोक एयरपोर्टमा हवाइ-जहाज ओर्ल्यो। ६ बजे भए तापनि झमक्क अँध्यारो भएकोले झलमल्ल गरी बत्ती बलिसकेको थियो। बिस्तार बिस्तार हिडदै पासपोर्ट चेक गर्ने ठाउँमा आइपुग्दा एक सज्जन पछाडितिरबाट आई नमस्कार गरी उनले मेरो पासपोर्ट मागेर एक छेउमा उभिइरहन अनुरोध गरे। थाइलैण्ड बौद्ध देश भएको हुनाले यहाँ भिक्षुहरू प्रति विशेष दृष्टि राख्ने गर्छन्। केही छिन पछि पासपोर्ट ल्याइदिए। सरासर ढोकाबाट बाहिर आउँदै थिएँ अर्का एक सज्जनले 'तपाइको लागि भिक्षु महानखोन् खेमपालि बाहिर पर्खि रहनु भएको छ' भनी भने। यहाँ पनि आ-आपना सामानहरू लिनको लागि स्वचालित ६०१ नम्बरमा मानिसहरू उभिइरहेका थिए। म पनि ६०१ नम्बर खोज्दै त्यहाँ पुगें र उभिइरहें। करीब आधाघण्टा जतिमा मेरा सामानहरू देखापरे। कष्टमसम्म सामानहरू घिसारेर लगें। कष्टम चेक भइसकेपछि दुवै सामानहरू लिएर एकजना कुल्ली म सँगसँगै बाहिर आयो। बाहिर आइपुगे पछि त्यहाँ आयुष्मान् महानखोन् खेमपाली महास्थविर र वात्पक्नामका अधिपति आयुष्मान् फ्रा धम्मधीर

Downloaded from http://dhamma.digital

राज महामुनि महास्थविरका साथ धीर सुमेध भिक्षु र अग्गनन्द भिक्षुहरूलाई भेटें। छाती फुट्ला जस्तो भइरहेको हुँनाले त्यहीं एक ठाउँमा बसेर आराम लिएँ। करीब १० मिनेट जति पछि गाडीमा बसी आयुष्मान् खेमपालीसँग वात्महाधातुमा ९ बजे राती पुगें र ११ बजेसम्म आयुष्मान् खेमपालीसँग अनेक कुशलवार्ता गरें।

## बैंगकोक शहर

बैंगकोक शहर थाइ देशको हालको राजधानी हो। अघि अघि यो राजधानी अयुध्या भन्ने ठाउँमा थियो। थाइलैण्ड नेपाल जस्तो एक अधिराज्य हो। यहाँ राजाले राज्य चलाउँछन्। हाल राजाको नाम भूमिबल अतुल्य तेज हो। मौसूफ सन् १९२७ डिसेम्बर महीनाको ५ तारिखमा अमेरिकाको क्याम्ब्रीज मैसच्युसेटमा जन्मि बक्सेको थियो र सन् १९४६ जून महीनाको ९ तारिखमा राजगद्दीमा राज होइबक्सेको थियो। मौसूफ चक्री राजबंशको नवौं वंशज होइबक्सिन्छ। बडा-महारानीको नाम सिरिकित्ती हो।

थाइलैण्ड अधिराज्यमा करीब ३ लाख भिक्षुहरू छन्। यी मध्ये धेरै जसो भिक्षुहरू बैंगकोक शहरमा बस्छन्। बैंगकोक शहरमा अनेकौं राजपरम्पराका महाविहारहरू छन्। यी मध्ये वात् महाधातु भन्ने महाविहार सबभन्दा ठूलो मानिन्छ र यस विहारमा हाल सबभन्दा धेरै भिक्षुहरू बस्छन्। अनेकौं शय विहारहरूले सुशोभित भएको यो

Downloaded from http://dhamma.digital

बैंगकोक शहर अती भीड छ। झण्डै ५० लाख जति मानिसहरू बैंगकोकमा बस्छन्।

## सङ्घभोजनको संकल्प

**नोबेम्बर ३ तारिख।** बिहान ८ बजे आयुष्मान् खेमपाली महास्थविरसँग जलपान गरिसकेपछि खर्चवर्चको निमित्त आफूसँग भएको होंगकोंग डलर २१० सटही गर्न दिएँ। यसको बापतमा ८६० बाथ् अर्थात् थाइ रुपैयाँ बैंकबाट पाएँ।

संध्या समयमा कोठा बाहिर आँगनमा चंक्रमण गरिरहेको थिएँ। त्यसबेला मेरो मनमा यस्तो कल्पना उठ्यो—

"यसपालि थाइलैण्डमा दानदिन पाएको छैन। नेपाली भिक्षुहरू बस्ने विहारहरूप्रति कृतज्ञता र सम्मान देखाउनको निमित्त भोजन खुवाउन पऱ्यो।"

यस संकल्पको लगत्तै पछि ती नेपालीहरू बस्ने प्रत्येक विहार-बाट नेपाली सहित पाँच पाँच जना र यस वात् महाधातुबाट पाँच जना गरी जम्मा २५ सदस्यीय भिक्षुसंघलाई भोजन खुवाउने छु भन्ने दृढ विचार लिएँ। अनि यो कुरा सुनाउन म आयुष्मान् खेमपाली महास्थ-विरको प्रतीक्षामा कोठामा गई बसिरहें। वहाँ आयुष्मान् राती मेरो कोठामा आउनु भयो र वहाँलाई मेरो मनमा उत्पन्न भएको दान चेतनाको कुरो सुनाएँ। वहाँले अनुमोदन गर्नुभयो। अनि उतनाघरीमै

Downloaded from http://dhamma.digital

आफूसँग भएका विदेशी मुद्राहरू मध्ये १०।१५ यू० एस० डलर मात्र आफूमा राखी बाँकी १०० डलर, १० पाउण्ड र १०,००० लिरे साटनको निमित्त वहाँलाई दिइहालें र जम्मा २५ जना भिक्षुहरूलाई भोजन खुवाउने व्यवस्था मिलाइदिनु हुन पनि वहाँसँग अनुरोध गरें। वहाँले सहर्ष "हुन्छ कुनै रेष्टोरेण्टलाई अर्डर दिई मिलाउने छु" भनी जनाउनुभयो। यो पनि निश्चय भयो कि ६ तारिखको दिवाको दानदिने र त्यसको लागि स्वयं विहारमा गई प्रार्थना गर्न जाने।

नवेम्बर ४ तारिख। थाइलैण्डमा हाल जम्मा ९ जना नेपाली भिक्षु श्रामणेरहरू छन्। यी मध्ये बैंगकोकको वात् भवन् भन्ने विहारमा ३ जना छन्—अग्गानन्द भिक्षु, धम्मगुत्तो भिक्षु र सुगन्धश्रामणेर; वात् साकेत् भन्ने विहारमा २ जना छन्—सुमनसोभन भिक्षु र धर्मपाल भिक्षु; वात् सीताराम भन्ने विहारमा १ जना छन्—सुधम्मश्रामणेर। वात् पक्नाम् भन्ने विहारमा २ जना छन्—धीरसुमेध भिक्षु र ज्ञानकुशल भिक्षु। १ जना बैंगकोक बाहिर चित्तभवन भन्ने ठाउँमा बस्छन् उनको नाम पुनीतश्रामणेर हो।

उपरोक्त विहारहरू मध्ये वात् भवन् भन्ने विहारका प्रमुख सोम्देत् ञाणसंवर महास्थविरसँग भेटनको निमित्त [illegible] भेटन गाह्रो पर्ने भएको हुनाले आयुष्मान् [illegible] महास्थविरले हिजो राति नै वहाँको प्राइभेट सेक्रेटरीसँग फोनमा कुरा गरी आज दिउँसो २ बजेको निमित्त समय लिनु भएको थियो। अरू विहारहरूका प्रमुखहरू-लाई भेट्न चाहिं त्यति गाह्रो पर्दैनथ्यो।

Downloaded from http://dhamma.digital

थाइलैण्डमा भिक्षुहरूको संचालन सङ्घराजाद्वारा गरिन्छ। सङ्घराजाको मनि बसी काम गर्ने भिक्षुहरूलाई सोम्दच् भन्दछन्। सङ्घराजाको १२।१५ जना भिक्षुहरूको एक उच्च अधिकृत भिक्षुहरूको एक सङ्घकाउन्सील छ। यो काउन्सीलमा सोम्दच् अथवा चौखुन् पद पाएका भिक्षुहरू हुन्छन्। सङ्घराजाको तल्लो तहमा बसी काम गर्नेलाई 'सोम्दच्' भन्ने पद दिइन्छ। सोम्दच्भन्दा तल्लो तहको पद 'चौखुन्' हो। अर्को अर्थमा भन्ने हो भने सोम्दच् भनेको उप-सङ्घराजाको पद हो।

अतः सोम्दच् ञाणसंवर महास्थविर उपसङ्घराजाहरू मध्ये एक हुनुहुन्छ। वहाँ चौखुन् पदमा बसिरहनु भएको बेलामा बङ्गलादेशमा जानको निमित्त जाँदा वहाँ काठमाडौं आउनु हुँदा सर्वप्रथम वहाँसँग मेरो भेटघाट काठमाडौं स्थित शाही थाइ राजदूतावासमा भएको थियो र वहाँ-लाई काठमाडौं देखाउने सु-अवसर पनि मैले पाएको थिएँ। यसै बखत वहाँलाई आनन्दकुटी विहार पनि देखाएको थिएँ। एकदिन थाइ एम्व्यासीमा वहाँसँग मेरो नेपाल थेरवाद बुद्ध शासनको बारेमा धेरै कुराकानी भयो। वहाँले अनेकौं प्रश्नहरू पनि सोध्नु भयो। यसै बखत मैले वहाँसँग "यदि नेपाली भिक्षुसंघलाई टेवा दिन चाहनु हुन्छ भने थाइलैण्डमा नेपाली भिक्षु श्रामणेरहरूको लागि पालि पढाउने व्यवस्था मिलाइदिनु भए ठूलो उपकार हुनेछ" भनी निवेदन गर्दा वहाँले तुरुन्तै आफ्नो प्रतिक्रया जनाउनु हुँदै "दुइजना भिक्षुहरूको जिम्मा म लिइदिने छु" भनी भन्नुभयो र पछि यसै कुराको आधारमा सर्वप्रथम नेपालबाट सुशोभन र अग्गनन्द श्रामणेरहरूलाई थाइलैण्डमा पठाउने व्यवस्था गरिएको थियो। थाइलैण्डसँग नेपालको शासनिक सम्बन्ध स्थापना

Downloaded from http://dhamma.digital

भएको यही सर्वप्रथम घटना हो । त्यसैले वहाँ ञाणसंवर महास्थविरसँग अपरिचित हुने त सवालै छैन । वहाँसँग मेरो राम्रै चिनापर्ची छ ।

बिवाभोजनपछि आयुष्मान् खेमपालीसँग वात् भवन् गएँ । महास्थविर ञाणसंवरज्यू अभ्यागत भेटने कोठामा बसिरहनु भएको थियो । वन्दना गरी केही कुशलवार्ता गरिसकेपछि ६ तारिखको दिनको भोजनको लागि निम्तो गरें । वहाँले भन्नुभयो—"अपशोच, त्यस दिन म आउन सक्दिन । युवराजधिराजको प्रव्रज्या र उपसम्पदा हुने कार्यक्रम छ । म त्यस कार्यक्रममा व्यस्त रहने छु । तर विहारबाट अरू भिक्षुहरू पठाइदिने छु" वहाँ स्वयं अंग्रेजी बोल्न जान्नु हुन्छ । त्यसपछि वहाँसँग बिदा लिई हामी वात् साकेत्मा गयौं । वात् साकेत्का प्रमुख फ्रा० ब्रोह्मगुणाभोन् (उपसेन) महास्थविरसँग पनि मेरो राम्रो परिचय छ । वहाँको पद शायद 'चौखुन्' हुनुपर्छ । वहाँ अंग्रेजी जान्नु हुन्न । भेटना साथ हामी दुबैजना परस्पर बडो हर्षित भयौं । अनि केही कुशलवार्ता गरिसके पछि नवेम्बर ६ तारिखको दिन भोजन दिने कुरा निकाली नेपाली भिक्षुहरूका साथ ५ जना भिक्षुहरू पठाउनु हुन प्रार्थना गरें । वहाँले पनि भन्नुभयो कि युवराजधिराजको उपसम्पदा समारोहमा उपस्थित हुनु पर्ने भएको हुनाले अरू भिक्षुहरूलाई पठाउने वचन दिनुभयो । अनि त्यहाँबाट हामी वात् सीताराममा गयौं । विहारमा धुगेर भऱ्याङ उक्लिरहेको बेलामा नेपाली श्रामणेरले नमस्कार गरे । तर मैले उनलाई नेपाली भनी चिन्न सकिन । पछि थाहापाएँ । त्यस विहारका उप-प्रधान महास्थविरज्यूलाई पनि ५ जना भिक्षुहरू ६ तारिखको दिन वात् महाधातुमा पठाउनु हुन प्रार्थना गरें । त्यसपछि

Downloaded from http://dhamma.digital

हामी भरखरै तयार भएको एक चाइनीज बुद्ध मन्दिर हेर्न गयौं । त्यहाँ संस्कृत, थाइ, चाइनीज र अंग्रेजीमा लेखेको एक शब्दकोष पनि किनें । त्यसपछि हामी फर्केर आयौं । आज राती विहारमा एक पुराना साथी उपासक श्री करुणासँग भेटन पाउँदा सारै खुशी लाग्यो । वहाँले नै सर्वप्रथम नेपालमा थाइ बौद्ध तीर्थयात्रीहरू लिएर आउनु भएको थियो र वहाँहरू आनन्दकुटी विहारमै बस्नु भएको थियो । वात् पक्नामका प्रमुख महास्थविरले ५ तारिखको साँझ ४ बजेको समय दिनु भएकोले आज हामी वहाँकहाँ गएनौं ।

नवेम्बर ५ तारिख । आज दिवाभोजन पछि २ बजेतिर वात् महाधातु स्थित महाचूलालोंकार राज विद्यालय, बौद्ध विश्वविद्यालयमा व्याख्यान दिने कार्यक्रम थियो । समय भएपछि आयुष्मान् खेमपाली महास्थविर आई बोलाउन आउनु भयो र प्रवचन शालामा गएं । शालामा उपस्थित भइरहेका उपासक र उपासिकाहरूलाई नेपालको थेरवाद बुद्ध शासनको बारेमा संक्षिप्त कुराका साथ हाल थेरवाद गतिविधिको बारेमा जानकारी दिने हिसाबले कुरा सुनाएं । त्यसपछि ४ बजेतिर हामी दुवैजना वात्पक्नामका प्रमुख फ्रा० धम्मधीर राज महामुनिसँग भेटन वहाँकहाँ गयौं । वहाँको विहारको आसपासको बजारमा समुद्रबाट पानी फर्केर आएकोले नहरबाट पानी ओहिरी बाटो जम्मै पानीले डुबाएको थियो । कहीं कहीं त घरभित्र समेत पानी पसेको थियो । पानीको कारणले टैक्सी जान सकेन । हामी त्यसै एक छेउमा उभिइ बसिरह्यौं । यसै बखत एक खाली तथा अग्लो स्यानो ट्रक आइरहेको देख्यौं । अनि आयुष्मान् खेमपालीले सो ट्रकको ड्राइभरलाई हामीहरूलाई

Downloaded from http://dhamma.digital

विहारसम्म पुन्याइदिन अनुरोध गर्नुभयो । ड्राइभरले हामीलाई करीब १०० मीटर जति कीत्र लगी विहारमा पुन्याइदियो । विहारको आंगनमा पनि जताततै पानी भरिएको थियो र कुकुरहरूको काखि माथिसम्म पानीले डुबाउँदथ्यो । बैंककोक शहरमा जताततै नहरहरू छन् । यो विहार एउटा नहरको किनारैमा अवस्थित छ । वहाँ महास्थविरले त कतिपय वर्ष अघि काठमाडौं आनन्दकुटी विहारमा एक वर्षावास बिताइ-सक्नु भएको छ । वहाँ पनि भोजनमा स्वयं उपस्थित हुन नसक्ने भएकाले "अरू भिक्षुहरूलाई पठाइदिने छु" भनी भन्नुभयो । खाना परेपछि हामीहरू फर्केर आयौं ।

राती वात् महाधातु विहारमा वात् साकेत्मा बस्ने नेपाली एक जना भिक्षुको साथ आयुष्मान् महानाम मलाई भेटन आएका थिए । त्यस्तै गरी वात् भवनमा बस्ने नेपाली भिक्षुहरू, वात् सीतारामसा बस्ने नेपाली श्रामणेर र वात् पक्नाममा बस्ने नेपाली एकजना भिक्षु पनि आएका थिए । उनीहरू सबैलाई राम्ररी पाली सिक्नुपर्छ र धर्म जान्नु पर्छ भनी अनुवाद गरी विहारमा बसेका प्रत्येकलाई एक एक शय बाथ् आपसमा बाँडी लिनू भनी दिएँ ।

## संघभोजन प्रदान

नवेम्बर ६ तारिख । जलपान गरिरहेका थियौं । आयुष्मान् खेमपालीले "विमलधम्म महास्थविर पनि हिजो राती फर्कनु भयो" भनी

Downloaded from http://dhamma.digital

भन्नुभयो । आयुष्मान् खेमपाली विमलधम्म महास्थविरका शिष्य हुनुहुन्छ । अनि मैले "त्यसोभए वहाँलाई पनि भोजनको निमित्त निम्त्याउनु पर्‍यो" भनी भनें । यसै बखत "टाँङ··· टाँङ···" गर्दै ठूलो घण्टाको आवाज आयो । अनि मैले वहाँलाई भनें—"आज त मलाई पनि बुद्ध-वन्दना गर्न साथमा लैजानुहोस् र त्यहींबाटै महास्थबिरलाई पनि भेटन जाऔं र भोजनको निम्तो पनि देऔं ।" "हुन्छ" भनी वहाँले मलाई बुद्ध-बन्दना गर्ने विहारमा लैजानु भयो ।

थाइलैण्डको ठूला ठूला प्रत्येक विहारमा दिनको दुइचोटि बुद्ध वन्दना गर्ने घण्टा बज्छ । अनि आ-आफ्नो गणबाट भिक्षुहरू बुद्ध-वन्दना गर्नको निमित्त विहारमा भेला हुन्छन् । त्यहाँ उपस्थित हुने भिक्षुहरूको हाजिरी पनि दर्ता गर्छन् । 'गण' भनेको भिक्षुहरू बस्ने विहारको एक खण्डको नाम हो । शयकडौं भिक्षुहरू बस्ने भएको हुनाले ठूला ठूला विहारहरूमा टोलमा वा शहरमा वार्ड नंबर छुट्टयाइराखिने झैं विहारमा पनि अलग अलग घरहरू छुट्टयाइएका हुन्छन् । यसलाई 'गण' भन्दछन् । जस्तै गण–१ मा बस्ने भिक्षुहरू, गण–२ मा बस्ने भिक्षुहरू तथा गण–३ मा बस्ने भिक्षुहरू आदि । हामी बस्ने ठाउँ गण–२ मा पर्थ्यो ।

विहारमा भेलाहुने भिक्षुहरू मध्ये जेठा भिक्षु नआउञ्जेलसम्म सबै भिक्षुहरू चूप लागेर आ-आफ्ना ठाउँमा बसिरहेका हुन्छन् । जब जेठा भिक्षु आउँनु हुन्छ तब वहाँले धुप र मैनबत्ती तथा बुद्धमूर्तिको नजिकमा रहेका दुइचार वटा बिजुली बत्तीहरू बाल्नु हुन्छ । त्यसपछि तयार पारिएको आफ्नो निश्चित आसनमा घूँडाटेकी बस्नुहुन्छ ।

Downloaded from http://dhamma.digital

अनि वहाँले बुद्ध-पूजा गर्ने गाथाहरू माइकमा भन्नुभए पछि उपस्थित सबै भिक्षुहरूले सोहि गाथाहरू भन्दछन्। बुद्ध वन्दना सिद्धिए पछि सूत्रपाठ पनि अधिकै तरिकाले गर्नुहुन्छ। उपस्थित भिक्षुहरूले पनि वहाँकै अनुकरण गरी अति राम्रो ढंगले एक स्वर एक लयमा पाठ गर्नुहुन्छ। हुन त थाई भिक्षुहरूको पालि शब्दको उच्चारणमा केही भिन्नता पाइन्छ। ता पनि वहाँहरूको पढाइको ढाँचा र आकर्षक स्वरको आवाज सुन्दा कुनै पनि दर्शकको चित्तलाई आकर्षित नगरी रहन सक्दैन। बुद्ध-वन्दनाको कार्यक्रम सिद्धिएपछि विमलधम्म महास्थविर बस्नु हुने आवासगृहतिर लाग्यौं। वहाँसँग भेटन पाउँदा बडो खुशी लाग्यो। वहाँ एक प्रबुद्ध तथा लोकप्रिय धर्मकथिक हुनुहुन्छ। वहाँ अहिले ७५ वर्षीय हुनुहुन्छ। वहाँसँग भोजनको लागि प्रार्थना गरें। वहाँले सहर्ष स्वीकार्नु भयो र मलाई एक रेशमको चीवर पनि दिनुभयो।

बिहानको १० बजिरहेको थियो। रेष्टोरेन्टका ४।५ जना मानिसहरू आई भोजनको व्यवस्था मिलाउनको निमित्त कोही बढ्यान लगाउँदै थिए। कोही प्लेटहरू राख्दै थिए त कोही पानीका ग्लासहरू राख्दै थिए। ११ बज्दा बज्दै सबै ओरजाम ठीक भयो र भिक्षुहरू पनि सबै उपस्थित भए। म चाहिं भित्र कोठामा बसी दक्षिणाको व्यवस्था मिलाउने धूनमा थिएँ। प्रत्येक भिक्षुलाई २० बाथ्भन्दा बढता खाममा राखन सावागाँस पुगेको थिएन र २४ वटा खामहरूमा २०।२० बाथ्को दरले र एउटा खाममा १०० बाथ् हालें जुन् विमलधम्म महास्थविरलाई चढाउने निश्चय गरें। सबै भिक्षुहरूले रमाइलोसँग भोजन गर्नुभयो। भोजन पछि पूर्व विचार अनुसार दक्षिणाका खामहरू प्रदान गरें। अनि

Downloaded from http://dhamma.digital

अनुमोदना सूत्रपाठ पछि विमलधम्म महास्थविरले भुक्तानुमोदना उपदेश थाइ भाषामा दिनुभयो ।

## थाइ युवराजाधिराजको भिक्षुभाव

भोजन सिद्धिएर सबै भिक्षुहरू फर्किसकेपछि केही छिन खाट्मा लेटी आराम लिन लागिरहेको थिएँ । त्यसैबेला कोठाको खापामा 'टक् टक्' गरेको आवाज सुनें र 'कम् इन्' भनी भनें । अनि आयुष्मान् खेमपाली आई—"भन्ते ! २ बज्न लाग्यो । टेलिभिजन हेर्ने बेला भयो, आउनुहोस्" भनी भन्नुभयो । अनि जुरुक्क उठी मुख कुला गरी खुट्टा धोई वहाँको कोठातिर गएँ र एक एक सिरानी लिएर मजासँग भुइमा लेटेर टेलिभिजन हेर्न थाल्यौं । आज २ बजेदेखि थाइलैण्डका युवराजाधिराज भिक्षु हुने प्रवृत्तिको प्रत्यक्ष वर्णन घटनास्थलबाटै टेलिवाइज गर्ने कार्यक्रम थियो । हामी जस्तै थाइलैण्डका अरू मानिसहरू पनि आ-आफ्ना घरमा उत्सुकतापूर्वक टेलिविजन हेर्दै होलान् ।

बौद्ध राजधर्म परम्परा अनुसार थाइलैण्डमा राजपरिबारका सदस्यहरू पनि केही समयकोनिम्ति भए पनि भिक्षु जीवनमा प्रवेश गर्छन् । हाल महाराजा भूमिबोल पनि राजा भइसके पछि एक वर्षावास भरी अर्थात् चतुर्मास भरी भिक्षु होइबक्सी वात् भवन्‌मा बसिबक्सेको छ । अब आज २६ वर्षीय थाइ युवराजाधिराज भिक्षु होइबक्सिदै छ ।

Downloaded from http://dhamma.digital

यो प्रव्रज्या तथा भिक्षु हुने ठाउँ प्राचीन कालको मध्य बैंगकोक-मा रहेको ग्रैण्ड पालेस कम्पाउण्ड भित्र बनाइराखेको सीमा-गृह विहारमा हो । यस बुद्ध मन्दिरलाई 'एमरल बुद्धस् टैम्पल' भन्दछन् । अर्थात् पन्नाको बुद्ध-रूप भएको विहार । सर्वसाधारण जनताको दर्शनार्थ हप्ताको दुइदिन यो बुद्ध मन्दिर खोलने व्यवस्था छ । यस मन्दिर भित्र करीब एक फुट जति अग्लो पन्नाको बुद्धरूप राखिएको छ । त्यसैले 'पन्नाको बुद्धरूप भएको विहार वा मन्दिर' भनिएको हो । यो एक 'सीमागृह' पनि हो । अर्थात् भिक्षु बनाउनको निमित्त भिक्षुसंघद्वारा सम्मत गरी बनाइने एक विशेष स्थान । यस्तो स्थानमा बाहेक अरू स्थानमा भिक्षु बनाइँदैन । यस्तो गृह वा स्थानलाई 'सीमा' वा 'सीमागृह' भन्दछन् । यही 'सीमागृह' मा राजा तथा राजपरिवारका अन्य सदस्यहरू भिक्षु बन्दछन् ।

विहार भित्र पन्नाको बुद्धरूपको बाहिने पट्टि अग्लो पारी बनाइ-राखेको मण्डपमा संघराजा प्रमुख करीब २५।३० जना वरिष्ट पदाधीकारी महास्थविरहरू भेला भई बसिरहनु भएको छ । अनि बुद्धरूपको देब्रे पट्टि थाइ नरेश र बडामहारानी बस्ने सिंहासन राखेको थियो । त्यसको देब्रेपट्टि राजमाता राजहुने आसन र पछाडिपट्टि अधिराजकुमारीहरू सहित अन्य राजपरिवारका सदस्यहरू बस्ने आसनहरू थिए । मन्दिर बाहिरको ढोकादेखि बुद्धरूपसम्म जाने बीच बाटामा रातो कार्पेट बछ्याइएको थियो । यसको बाहिनेपट्टि एक छेउमा सरकारी जंगी तथा निजामतीका वरिष्ट पदाधिकारीहरू आ-आफ्ना आसनमा समयमै बसिसकेका थिए । यस पंक्तिमा प्रीवि काउन्सीलका सदस्यहरू,

Downloaded from http://dhamma.digital

प्रधानमंत्रीका क्याबिनेट सदस्यहरू तथा कमाण्डर-इन्-चीफ आदि थिए । केही छिन पछि थाइलैण्ड भ्रमणमा आइरहनु भएका प्रजातन्त्र गणवादी चीनका उप-प्रधानमन्त्री श्री टिन स्याउ पिंग् पनि थाइलैण्डका प्रधानमन्त्री क्रियांग्सक् छोमानन्सँग त्यस अद्वितीय समारोहमा आई विशिष्ट व्यक्तिहरूको आसनको पंक्तिमा बस्नुभयो । वहाँहरूसँग थाइलैंडस्थित चीनी राजदूतावासका राजदूत पनि थिए । यस एमरल बुद्ध विहारको बाहिर हजारौं नरनारीहरू पंक्तिबद्ध भई ठाउँ ठाउँको भुइमा उनीहरूका प्यारा राजा र रानीहरूको सवारीको प्रतीक्षामा घण्टौं अगाडिदेखि बसिरहेका थिए ।

## केश छेदन

दिनको २ बजेतिर नं राजा र रानी, युवराजाधिराज र अन्य राजपरिवारका सदस्यहरू सवारी भई यस बुद्ध मन्दिरको पछाडिपट्टिको ग्रँण्ड पॅलेसको "पैसाल तकसिन् थ्रोन् हल" मा राजकीय परम्परानुसार गर्नुपर्ने केही विधिविधान पूरा गरी थाइ नरेश भूमिबोल अतुल्य तेज रातो पॅंट र सेतो कोट लगाई देब्रेपट्टि तरवार भिरी मिलिटरी पोसाकका साथ अनेक तक्माहरू लटकाई एमरल बुद्ध मन्दिर भित्र सवारी होइबक्स्यो । पछि पछि थाइ बडामहारानी सिरिकित्ती हात जम्मै ढाक्ने नेपाली चोलो जस्तो रेशमको गाढा रातो रंगको चोलो र रेशमकै लुंगी लगाई दाँहिने काँधबाट बाँया कम्मरसम्म आएको सेतो कपडाको पट्टी लगाई (नेपालमा भए पछ्यौरा) सवारी होइबक्सेको थियो । मन्दिर

Downloaded from http://dhamma.digital

भित्र पसी सरासर बुद्ध-रूपको अगाडि गई घुँडाटेकी राजाले बुद्ध वन्दना गरिबक्स्यो र पछि फूल चढाई, धूप र मैनबत्ती बाली राजसिंहासनमा राजहोइबक्स्यो। त्यस्तै गरी बडामहारानीले पनि बुद्ध पूजा गरी राजासँगै राजसिंहासनमा राजहोइबक्स्यो। त्यसपछि पहेंलो पोसाक लगाइ बक्सेकी राजमाता शीलकरीन् परमाराजिनी पनि त्यस्तै गरी बुद्ध पूजा गरी आसनमा राजहोइबक्स्यो। त्यसपछि नीलो रंगको पोसाक लगाइबक्सेका युवराजाधिराजका दुई बहिनी अधिराजकुमारीहरू महाचक्री सिरिन्धर र कल्याणीवधोन पनि सवारी भई क्रमशः बुद्ध पूजा गरी त्यसपछि राजा र रानीलाई अभिवादन गरी आ-आफ्ना आसनमा राजहोइबक्स्यो।

युवराजाधिराजको एउटी दिदी पनि होइबक्सिन्छ। तर मौसूफको एक अमेरीकी नागरिकसँग विवाह भएको हुनाले थाइ अधिराज्यको कानून बमोजिम थाइलैण्डमा आउन नपाउने मात्र होइन वहाँलाई थाइ नागरिकताबाट पनि वञ्चित गरिदिएको छ।

यसपछि युवराजाधिराज मिलिटरी युनिफोर्ममा रातो कोट र सेतो पेन्ट लगाई देब्रेपट्टि तरवार भिरी बुद्ध मन्दिर भित्र सवारी भई सर्वप्रथम पितृहरूको स्मृतिमा बत्तीबाली त्यसपछि बुद्धरूपको छेउमा गई घुँडाटेकेर वन्दना गरी फूल चढाई, धूप र मैनबत्ती बाली आफ्ना बुबा र मुमा राजहोइबक्सेको ठाउँमा गई नमस्कार गरिबक्स्यो। त्यसपछि केश छेदनको निमित्त राजाले अगवानी गरी युवराजाधिराज-लाई मन्दिरको एक पछाडिपट्टिको एक विशेष कोठामा लगिबक्स्यो।

Downloaded from http://dhamma.digital

बडामहारानी पनि पछि पछि सवारी होइबक्सेको थियो । अनि त्यहाँ सजाइएको आसनमा विशेष मंगल बाजागाजा र शंखनादको गुञ्जायमान भइरहेको बेलामा २।१५ बजेको शुभमूहूर्तमा सर्वप्रथम राजाले विशेष तरवारद्वारा युवराजाधिराजको केश छेदन गरिबक्स्यो । त्यसपछि बडामहारानीले पनि केश छेदन गरिबक्स्यो । यो शुभमुहूर्तमा भिक्षुसंघद्वारा सूत्रपाठ गरिएको थियो । अरू साधारण प्रव्रज्यामा कैंचीले केश छेदन गरिन्छ भने यस विशेष समारोहमा तरवारद्वारा केश छेदन गरिएको थियो र काटिएको केश सुनको थालमा राखिएको थियो । यसपछि 'नाइ-चून-याएन-एक' भन्ने नाउ विशेषज्ञले युवराजाधिराजको केश काटी मुण्डन गरे । केश काटने काम नसिद्धिउञ्जेलसम्म राजा र रानी उहीं उभिई हेरिबक्सेको थियो ।

केश छेदन पछि मुण्डन होइबक्सेको युवराजाधिराजलाई राजा रानीले एक कोठामा लगी राजपोशाक फेर्न लगाई एक रेशमको सेतो लुँगी र अर्को एक ध्यू रंगको रेशमको टलिकने पछ्यौरा एकांश पारी लगाउन लगाइबक्स्यो । त्यसपछि राजा र रानी मन्दिर भित्र सवारी भई सिंहासनमा राजहोइबक्सियो । यसपछि शीर मुण्डन गरी उपासक भेष लिइबक्सेका युवराजाधिराज मन्दिर भित्र सवारिहोइबक्सी अघि जस्तै बुद्ध वन्दना गरी राजा र रानी होइबक्सेको ठाउँमा गई घुँडाटेकी नमस्कार गरी प्रव्रज्या हुनको निमित्त अनुमति मागिबक्स्यो । प्रव्रजित हुने व्यक्तिमा आमा बाबुको अनुमति हुनुपर्छ । त्यस्तो नहुनेलाई प्रव्रजित नगराइने नियम छ । यही नियमलाई पूरा गर्न अनुमति माग्नु परेको हो । अनि अनुमति स्वरूप राजाले शीर मुण्डित उपासक भेष

Downloaded from http://dhamma.digital

धारण गरिबक्सेका युवराजाधिराजको निधारमा तीन ओटा छाप टीका लगाइ दिइबक्स्यो र एउटा फूल दाहिने कानको कापमा राखिबक्सियो । त्यसपछि प्रव्रजित हुन जानको निमित्त एकजोर चीवर राजा र रानी-हरूले दिइबक्स्यो । यो मुहूर्त दर्शकहरूको लागि आङ जिरङ्ग हुने र मन खुल् खुल् हुने दृश्य थियो ।

## प्रव्रज्या-प्रार्थना

अनि उपासक भेषधारी शीर मुण्डित युवराजाधिराज राजा र रानीबाट पाइबक्सेको चीवर-वस्त्र दुइहात माथि राखी बडो संयमपूर्वक, शीर निहुर्‍याई, चक्षु इन्द्रियलाई आफ्नो नियन्त्रणमा राखी विस्तार विस्तारै कदम चाली पन्नाको बुद्धरूपको अगाडि दाहिनेपट्टि उच्च गरी बनाइएको मण्डपमा एकत्रित भई बसिरहेको भिक्षुसंघको समिप सवारी होइबक्स्यो । मण्डपमा पुगेपछि हातको चीवर एक छेउमा राखी संघराजालाई पञ्चाङ्ग प्रतिष्ठित भई तीन पल्ट वन्दना गरि-बक्स्यो । भनाइको मतलब भुइँमा घुँडालेटेकी दुइ हात पसारी टाउकोले पनि भुइँमा छुवाइ वन्दना गर्नेलाई 'पञ्चाङ्ग वन्दना' भन्दछन् । यति गरिसकेपछि पुनः संघराजाको अघिल्तिर गई घुँडाटेकी बसी चीवरवस्त्र दुइ हातमा लिई यो प्रार्थना गरिबक्स्यो—

"भन्ते ! तपाइ मेरो उपाध्याय होइदिनु होस् ।" यसरी तीन चोटि प्रार्थना गरिबक्स्यो ।

Downloaded from http://dhamma.digital

अनि संघराजाले "हुन्छ" भनी भन्नुभए पछि युवराजाधिराजले अगाडि यसरी प्रार्थना गरिबक्स्यो—

"भन्ते ! संसार चक्रको दुःखबाट मुक्त हुनको लागि र निर्वाण साक्षात्कार गर्नको निमित्त मेरो हातमा भएको यो कषायवस्त्र (=चीवरवस्त्र) लिनुभई मलाई प्रव्रजित गराइदिनु होस् ।"

यसरी तीन चोटि प्रार्थना गरिसके पछि आफ्नो हातको चीवर-वस्त्र संघराजाको हातमा राखिदिइबक्स्यो ।

यसपछि संघराजाले चीवरको पटुकाले युवराजाधिराजको गलामा विधिपूर्वक वाक्य पढी बेरी दिनुभयो । अनि युवराजाधिराज एक कोठामा गई उपासकवस्त्र छाडी चीवरवस्त्र धारण गरी एक प्रव्रजित श्रमणको भेषमा संघराजाको अगाडि आई पञ्चाङ्ग प्रतिष्ठित वन्दना गरी श्रामणेरशील प्रार्थना गरिबक्स्यो । त्यसपछि संघराजाले "बुद्धं सरणं" भन्ने आदि वाक्य तीन पटक भन्न लगाई श्रामणेर दशशील प्रदान गरी युवराजाधिराजलाई त्रिशरण र श्रामणेर दशशीलमा प्रतिष्ठित गराई श्रामणेर प्रव्रज्यात्व प्रदान गर्नुभयो । यसैलाई 'प्रव्रज्या' भन्दछन् । अर्थात् गृहीभावबाट दूर भई श्रमणभावमा प्रवेश हुनु । यति हुने बित्तिकै सो पुरुष श्रमण शाक्यपुत्र कहलाइन्छ । अब उप्रान्त राजा भन्ने वा क्षत्री भन्ने वा ब्राह्मण भन्ने वा वैश्य भन्ने वा शूद्र भन्ने संज्ञा निरुद्ध भई श्रमण भन्ने संज्ञा उत्पन्न हुन्छ । समुद्रमा नपुगेसम्म प्रत्येक गङ्गा वा यमुनाको पानीलाई गङ्गाको पानी वा यमुनाको पानी भनी भनिन्छ । तर जब ती विभिन्न गङ्गाका पानी समुद्रमा विलीन हुन्छ तब

Downloaded from http://dhamma.digital

सबै पानी एक मात्र नुनिलो समुद्रको पानी हुनजान्छ। त्यसैले श्रमण जीवनमा व्यवहार गर्नको लागि युवराजाधिराजलाई संघराजाले 'वजिर-लोंगकरण' भन्ने नाम दिनुभयो। अबै उप्रान्त मौसूफ युवराजाधिराज वजिरलोंगकरण श्रामणेर होइबक्स्यो।

## भिक्षु भावमा प्रवेश

त्यसपछि वजिरलोंगकरण श्रामणेरले भिक्षुसंघसँग "उपसम्पदा भिक्षुत्व पाऊँ" भनी विधिपूर्वक वाक्य पढी प्रार्थना गरिसकेपछि संघले वहाँलाई संघमण्डलबाट बाहिर जाने आदेश दियो। त्यसपछि संघले सर्वसम्मतिद्वारा सोम्दच् आणसंवर महास्थविरलाई र सोम्दच् धीरयान-मुनि महास्थविरलाई अनुशासक चुने।

उपसम्पदा भिक्षुपद प्राप्त गर्न चाहने श्रामणेरसँग ती चुनिएका अनुशासक महास्थविरहरूले संघ बाहिर र संघ भित्र निम्न पन्ध्र कारण-हरू सोध्दछन्। ती सोधिने पन्ध्र कारणहरू ठीक ठीक पाइएमा मात्र अनुशासक भिक्षुको शिफारिसमा भिक्षुसंघद्वारा उपसम्पदा भिक्षुपद प्रदान गरिन्छ। अन्यथा गरिन्न। उपसम्पदा भिक्षुत्व भनेको संघले 'भिक्षु भयौ' भनी सम्मत प्रदान गर्नु हो। यो सम्मत जम्बुद्वीप भित्र भएमा घटीमा दशजना भिक्षुहरूको समूहले र जम्बुद्वीप बाहिर भएमा घटीमा पाँचजना भिक्षुहरूको समूहले सम्मत गर्न सकिने व्यवस्था विनयमा गरिएको छ।

Downloaded from http://dhamma.digital

अनि संघले अनुशासक भिक्षुहरूलाई ती उपसम्पदा चाहने व्यक्तिसँग १५ कारणहरू सोधेर आऊ भनी आदेश दिए पछि उनीहरू संघमण्डलबाट बाहिर आई उसँग यस्तो सोध्छन्—

"हे भद्रपुरुष ! यो तिम्रो लागि सत्यको अवस्था हो । हामीले सोधेका प्रश्नहरूको ठीक ठीकसँग उत्तर दिनू । छ भने 'छ' भनी, छैन भने 'छैन' भनी जवाफ दिनू । हो भने 'हो' भनी, होइन भने 'होइन' भनी जवाफ दिनू । सत्य बोल्नू, झूठो नबोल्नू ।

"के तिमीमा—(१) कुष्ट, (२) गण्ड, (३) किलाश, (४) श्वास र (५) अपमार भन्ने रोगहरू छन् ? (यी रोगहरू हुनेलाई भिक्षु बनाइन्न) (६) के तिमी मनुष्य ह्वौ ? (७) के तिमी पुरुष ह्वौ ? (८) के तिमी स्वतन्त्र छौ ? (९) तिमीमा कसैको ऋण त छैन ? (१०) तिमी सिपाही त होइनौ ? (११) भिक्षु बन्नको लागि आमा बाबुको अनुमति पाएका छौ ? (१२) २० वर्ष पूरा भइसकेका छौ ? (१३) तिम्रा पात्र चीवरहरू परिपूर्ण छन् ? (१४) तिम्रो नाम के हो ? (१५) तिम्रो उपाध्यायको नाम के हो ?"

संघमण्डलबाट बाहिर बसिरहनु भएका वजिरलोंगकरण श्रामणेरसँग उक्त प्रकारले प्रश्नहरू सोधिसके पछि ती चुनिएका अनुशासक महास्थविरहरू मध्ये सोम्दच् ञाणसंवर महास्थविरले संघको बीचमा गई संघलाई रिपोर्ट सुनाउनु भयो । त्यसपछि संघमण्डलबाट बाहिर उभिइरहनु भएका वजिरलोंगकरण श्रामणेरलाई संघमण्डल भित्र आउने आदेश संघले दियो । त्यसपछि वहाँ सुस्त सुस्तरी दुइहात जोरी

Downloaded from http://dhamma.digital

संघमण्डलको बीचमा गई उपाध्यायलाई वन्दना गरी बस्नुभयो । त्यसपछि संघको बीचमा सोम्दच् धीरयानमुनि महास्थविरले वजिरलोंगकरण श्रामणेरसँग संघमण्डलको बाहिर सोधे फैं सबै प्रश्नहरू सोध्नुभयो । त्यसपछि उपसम्पदा भिक्षुत्वको लागि दोष रहित छन् भन्ने ठानी भिक्षुसंघले "अब तिमी भिक्षु भयौ" भनी घोषणा गरी उक्त श्रामणेरलाई भिक्षु सम्मत गन्यो र वजिरलोंगकरण श्रामणेर वजिरलोंगकरण भिक्षु हुनुभयो ।

## नवक भिक्षुलाई दान-प्रदान

अनि वजिरलोंगकरण भिक्षुज्यूले त्यहाँ उपस्थित हुनु भएका सबै भिक्षुहरूलाई एक एक जोर चीवर प्रदान गर्नुभयो । त्यसपछि आफू मण्डपको एक छेउमा बिच्छ्याइराखेको आसनमा पलेटीमारी शान्त दान्त इन्द्रिय लिई बस्नुभयो । यसिकंमा थाइ नरेश अगाडि सवारी भई आफ्ना पुत्र वजिरलोंगकरण भिक्षुलाई सर्वप्रथम पञ्चाङ्ग प्रतिष्ठित वन्दना गरी दैनिक जीवनलाई चाहिने चीवर, पुस्तक, बत्ती र भाँडा-कुँडा आदि सबै परिष्कारहरू चढाइबक्स्यो । बडामहारानीले पनि आफ्ना पुत्र भिक्षुलाई पञ्चाङ्ग प्रतिष्ठित वन्दना गरी एक चीवर चढाइबक्स्यो । त्यस्तैगरी उपस्थित राजमाता सहित सबै राजपरिवारहरूले पनि वन्दना गर्दै केही न केही वस्तु प्रदान गरिबक्सियो । त्यसपछि प्रीवि काउनसीलका अध्यक्ष सन्याधर्मशक्तिले वन्दना गरी केही उपहारहरू चढाउनु भयो । अनि प्रधानमन्त्री तथा कमाण्डर-इन्-चीफ आदि सबैले उपहारहरू चढाए ।

Downloaded from http://dhamma.digital

चाइनाका उप-प्रधानमन्त्री श्री टिन् श्याउ पिंगको तरफबाट चाइनीज राजदूतले उपहार प्रदान गरे ।

यति कार्यक्रम सिद्धिसकेपछि राजा र रानीको फीर्ती सवारी भयो । साथमा राजमाता र राजपरिवारका अन्य सदस्यहरू पनि सवारिहोइबक्स्यो । त्यसपछि उच्च अधिकृतहरू क्रमैसँग गए । त्यसपछि संघराजाका साथ नवक भिक्षु वजिरलोंगकरण आफ्ना आचार्य सोम्दच् ञाणसंवर महास्थविरका साथ वात् भवन्मा जानुभयो । वजिरलोंगकरण भिक्षु २ हप्तासम्म वात् भवन् विहारमा बस्नु हुने कार्यक्रम छ भन्ने सुन्नुको साथै वहाँले सोम्दच् ञाणसंवर महास्थविरबाट शिक्षा हासिल गर्नुहुने छ भन्ने कुरा पनि सुनें ।

टेलिभिजन बन्द हुँदा दिउँसोको ४ बजिसकेको थियो । यसपालि बैंगकोकमा यो अभूतपूर्व घटना टेलिभिजनमा हेर्न पाउनु ठूलो हर्षको कुरा हुन आएको छ ।

साँझपख एउटी उपासिका म कहाँ आई एकजोर चीवर र १० डलर प्रदान गरिन् । रातमा केही साथीहरू भेटन आए । सबै गइसकेपछि भोलि बिहानै यहाँबाट जानको निमित्त सरसामानहरू ठीकठाक पारें ।

## बैंगकोकबाट काठमाडौं

नवेम्बर ७ तारिख । टोकियोमा एक एजेण्टबाट पाएको रायल नेपाल एयर लाइनको मेरो टिकटमा नवेम्बर ७ तारिख बिहान बैंगकोकबाट ८।३० बजेको डिपाचर टाइम लेखिएको थियो । त्यस दिनको

Downloaded from http://dhamma.digital

लागि शीट ओ० के० थियो। त्यसैले बिहान ५ बजे नै उठी स्नान गरी तयार भैरहें। त्यत्तिकैमा आयुष्मान् खेमपाली जलपानको निमित्त बोलाउन आउनु भयो। जलपान सिद्धिनासाथ एयर पोर्ट गयौं। किन्तु बडो आश्चर्य लाग्यो कि हवाइ अड्डामा रायल नेपालको साइनबोर्ड कतै देखिएन। अनि यताउता सोधपूछ गर्दागर्दा भवनको माथिल्लो तलाको फलाना नं० कोठामा जानुहोस भनी सोधपूछ आफिसकी एक केटीले भनी। अनि माथिगई सोध्दा नवेम्बर १ तारिखदेखि समय बदलिएको हुँदा दिनको ३।३५ बजे मात्र जान्छ भनी भन्यो।

त्यसपछि आयुष्मान् खेमपाली मेरो टिकट लिएर शहरको आफिसमा गई शीट मिलाउन बीचबाटैमा ओर्लिनु भयो। म चाहिं विहारमा फर्कें।

मेरो हातमा दुइवटा रायल नेपाल एयरलैन्सका सूचीपत्रहरू थिए। दुवै सूचीपत्रहरूमा १९७८ सेप्टम्बर १ तारिखदेखि लागु हुने भनी छापिएका थिए। एउटामा मंगलबारमा उड्ने D8S भन्ने प्लेन बिहानको ८।३० बजे बैंगकोकबाट उडी ११।२५ बजे काठमाडौं पुग्ने समय छापिएको छ। अर्कोमा चाहिं B727 प्लेन ३।३५ बजे बैंगकोक छाडी ५।१५ बजे काठमाडौं पुग्ने भनी छापिएको छ। यो बडो अचम्म लाग्यो। एउटै मितिमा लागु हुने दुइ सूचनामा दुइथरीका टाइम टेबलहरू। यी दुइ सूचिपत्रहरू मध्ये मेरो टिकट बुक गर्ने एजेन्टले पहिलो सूचिपत्रको तालिका अनुसार शीट बुक गरेको हुनुपर्छ। बेठीक सूचिको कारणले गर्दा जसरी मलाई दिक्कत पर्‍यो त्यस्तै गरी अरू यात्रीहरू पनि

Downloaded from http://dhamma.digital

केही हैरानी त परे नै होलान् । तर बास्तवमा यसो हुनाको कारण केही बुझ्न सकिन । हुनत मैले बैंगकोक शीटी आफिससँग सोध्नु पर्ने थियो । यो मेरो भूल हो । सोध्नुलाई सूचनापत्रमा बैंगकोक आफिसको ठेगाना पनि त छैन । टेलिफोन नंबरको त के कुरा । जेहोस् यस्तो सोच्दा सोच्दै मेरा साथी आयुष्मान् खेमपाली सोही दिनको ३।३५ बजेको शीट कन्फर्म गरी भोजनको लागि आइपुग्नु भयो । अनि वहाँकै कोठामा केहीछिन आराम लिई फेरि हामीहरू एयरपोर्ट गयौं । बैंगकोक शहरबाट एयरपोर्ट पुग्न करीब डेढ घण्टा जति समय लाग्छ । एयरपोर्ट पुगेर टिकट चेक गरिसकेपछि वहाँसँग बिदाबादी भई म सिक्युरिटी भित्र पसें । त्यसपछि प्लेनको समय भएको एनाउन्स भएपछि निर्धारित ढोकाबाट प्लेनमा गएँ ।

शाही नेपाल वायु सेवा निगमको प्लेन सर्भिस निकै प्रशंसनीय छ भन्नुपर्छ । फ्लाइट राम्रो भए जस्तै सर्भिस र शिष्टाचार पनि त्यत्तिकै राम्रो छ । प्लेनमा सर्भिस गरिरहेको देखेर छक्कपरी हेरिरहें । हो, एउटा कुरा भने मनमा च्वास्स लाग्यो । त्यो हो प्लेनभित्र आइसकेपछि अघि अघि दिल्ली गएको जेट प्लेनमा झैं यो बैंगकोकबाट आइरहेको प्लेनमा नेपालको संस्कृति दर्शाउने कुनै चित्रहरू भित्तामा देखिन । साधा भित्ता छ । अनि मनमा सम्झना आयो कि शायद हालसालै किनेको जेट प्लेन यही हो कि क्याहो ? जो नयाँ भनी पुरानो प्लेन किनेर ल्यायो भनी नेपालमा निक्कै होहल्ला चलेको थियो । यो किनाइमा भ्रष्टाचार पनि निक्कै भयो भन्ने हल्ला सुनेको थिएँ । भित्ताको पाताहरूमध्ये एक दुइ ठाउँमा उपकिरहेका पातामा पनि मेरो

Downloaded from http://dhamma.digital

आँखा पर्न गयो । प्रत्येक नेपाली हवाइजहाजमा नेपालको संस्कृति झल्किने चित्रहरू अंकित गर्नु यात्रीहरूको निमित्त निक्कै मनमोहक सिद्ध हुन्छ । ५।१५ बज्न लाग्दै थियो । पेटी बाँधने रातो बत्ती बल्यो । सबैले पेटी बाँध्नथाले र मैले पनि आफ्नो पेटी बाँधे । हवाइजहाज सुस्तरी धावनमार्गमा ओर्ल्यो । त्यसबेला मलाई धावनमार्गमा बलिरहेको बत्ती ज्यादै कमलाग्यो । हवाइजहाजबाट हवाइ अफिससम्म आउनलाई मलाई सारै मुस्किल पर्‍यो । सास फेर्न गह्रारो भएको थियो । अति सुस्तरी हिंडे ता पनि छाती फुट्ला जस्तो वेदना भइरहेको थियो । बल्लतल्ल पासपोर्ट चेक गराइ सिद्धिएपछि कष्टममा सामान राख्ने ठाउँमा केही छिन कसैसँग नबोली चुपलागेर बसें । अनि केही विशेष भएपछि सामान खोज्न गएँ र सामान ल्याई कष्टम चेक गराइसकेपछि दुइवटा बेगहरू गुडाउँदै कष्टम ढोका बाहिर पुगें । त्यहाँ आनन्दकुटी बिहारका सहायक दाताहरू तथा भिक्षुहरू भेटें । त्यसबेला म त जाडोले थर थर कामेको थिएँ । अनि आनन्दकुटीमा आफ्नो कोठामा आइपुगेपछि केही घण्टा पछि नै सुतिहालें ।

---

Downloaded from http://dhamma.digital

## लेखकका पुस्तकहरू—

| | | | |
|---|---|---|---|
| संक्षिप्त बुद्धजीवनी (द्वितीयावृत्ति) ... | | | १/- |
| धम्मपद (तृतीयावृत्ति) ... | | | १/४० |
| गृही-विनय (द्वितीयावृत्ति) ... | | | १/- |
| अग्रश्रावक (अप्राप्य) ... | | | |
| कसको कुरा सत्य हो ? ... | | | |
| बुद्धशासनको इतिहास (प्रथम भाग) ... | | | ४/- |
| पटाचारा स्थविरा चरित ... | | | |
| बुद्धकालीन ब्राह्मण | भाग-१ | (पृ. ५०४) ... | ७/- |
| बुद्धकालीन गृहस्थीहरू | भाग-१ | (पृ. ५८१) ... | ८/- |
| बुद्धकालीन राजपरिवार | भाग-१ | (पृ. ६६५) ... | १०/- |
| बुद्धकालीन महिलाहरू | भाग-१ | (पृ. ५५६) ... | ८/- |
| बुद्धकालीन परिव्राजकहरू | भाग-१ | (पृ. ७६६) ... | १६/- |
| बुद्धकालीन श्रावक-चरित | भाग-१ | (पृ. ३७८) ... | ६/- |
| बुद्धकालीन श्राविका-चरित | भाग-१ | (पृ. १००५) ... | २२/- |
| बुद्धकालीन ब्रह्मादिदेव | भाग-१ | (पृ. ६६८) ... | १८/- |
| बुद्धकालीन प्रेतकथा ... | | (पृ. ३८२) ... | १०/- |
| बुद्धकालीन विमानकथा ... | | (पृ. ४०४) ... | १२/- |
| बुद्धकालीन दशौंवटा ग्रन्हथरूको विषय-सूची | | ... | ५/- |
| बुद्धकालीन ब्राह्मण | भाग-२ | (पृ. ६००) ... | १५/- |
| बुद्धकालीन ब्राह्मण | भाग-३ | (पृ. ६८०) ... | १७/- |
| बुद्धकालीन गृहस्थीहरू | भाग-२ | (पृ. ५९२) ... | १५/- |
| जापान भ्रमणको डायरी | | ... | ४/- |

### प्रतीक्षामा-

"बुद्धकालीम गृहस्थीहरू" भाग-३

Downloaded from http://dhamma.digital